अष्टावक्र

अद्वैत गीता

१९४.५२२४
भ ४६९३८

- नरेन्द्रनाथ भट्टराई

अष्टावक्र

अद्वैत गीता

- नरेन्द्रनाथ भट्टराई

प्रयासक :
नरेन्द्रनाथ भट्टराई
का.न.पा. वडा नं. १६, कालधारा

२९४.५९२
भ ४६९८

प्रथम संस्करण : १००० प्रति

बुद्ध सम्वत् : २५४२
बिक्रम सम्वत् : २०५५
इस्वी सम्वत् : १९९८
नेपाल सम्वत् : १११८

मू : १०/— *यो पुस्तक बिक्रीबाट प्राप्त भएको रकम यस्तै ज्ञानवर्द्धक ग्रन्थ प्रकाशनमा खर्च गर्ने गरी समुदय प्रकाशनलाई प्रदान गरिनेछ ।*

कम्प्यूटरः
गोविन्द ह्यूमत, रामकृष्ण लामिछाने, [illegible] राजवला
"न्यू नेपाल प्रेस"
फोन : २५९४५०

प्रकाशक तथा मुद्रक :
न्यू नेपाल प्रेस

प्रधान कार्यालय :
नक्साल, नागपोखरी
पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल ।
फोन : ४२१४५०, ४१४७५३

व्यापारीक कार्यालय :
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : २५९०३२, २५९४५०
फ्याक्स : (९७७-१) २५८६७८

ज्ञानमार्गमा अग्रसर हुने साधकको लागि अष्टावक्र अद्वैत ज्ञानको यो ग्रन्थ जत्तिको अनुपन ग्रन्थ अर्को छैन । वास्तवमा अष्टावक्र ज्ञान अरू ज्ञान ग्रन्थ जस्तो ग्रन्थ नभएर विशुद्ध ज्ञानको प्रकाशपुञ्ज भएर प्रकाशमान भैरहेको छ । यस प्रकाशको एक सिर्को ज्योति मात्र हामीमा पर्न गयो भने जन्म जन्मान्तर देखि हामीमा रहेका अज्ञान-अन्धकार, जन्म-मरण आदि क्लेस हटेर परमानन्द परमात्मामा एकाकार गराइदिन्छ ।

आत्मज्ञान भएपछि जीवात्मा र परमात्माको भेद रहँदैन। प्रवृत्ति र निवृत्ति भन्ने, सत्य र असत्य भन्ने, सुख-दुःख, हर्षशोक, लाभ-हानी, माया-संसार, शास्त्र-संगत, अस्ति-नास्ति जस्ता द्वन्द सबै हट्दछन्।

आमुख

स्वार्थी र लोभी केही धूर्तहरूले जसरी आज धर्मका नाममा मानिसलाई मत, संप्रदाय, अंधविश्वास र कर्मकाण्डको दलदलमा पारेर विश्वमा अशान्ति, अतृप्ति, अराजकता तथा युद्ध, आतंक, भ्रष्टाचार र व्यभिचारलाई प्रोत्साहन दिनुकासाथै प्रकृतिलाई समते विकृत पारेर विश्व विध्वंश पार्न लागिरहेकाछन् यसैगरी आजभन्दा २५०० वर्ष र ५००० वर्ष अगाडिका केही शतकहरूमा पनि आजकै जस्तै अन्यौलको स्थिति विश्वमा विद्यमान भएको तथ्य हामी इतिहास र पुराणबाट पाउँदछौं । संकटको यस्तो अवस्था आइपर्दा महामानव बुद्धले २५०० वर्ष अगाडि वोधको प्रकाशद्वारा अंधविश्वास, कर्मकाण्ड र दल संप्रदायलाई ध्वस्त पारी धर्मको पुनर्स्थापना गर्नुभएको थियो । ५००० वर्ष अगाडि कंस, कौरव आदिले धर्म विध्वंस गर्न लाग्दा भगवान श्रीकृष्णले गीता ज्ञानद्वारा धर्मको अभ्युत्थान गर्नुभएको तथा शुकदेव मुनिले ज्ञानको वर्षा गरिदिनुभएको थियो । यसैगरी ७/८ हजार वर्ष अगाडि श्री रामले आदर्शको नमुना प्रदर्शन गरिदिनु भएको तथा करूणामयी मुनि अष्टावक्रले सिधै जनमानसको मस्तिष्कमा आत्मज्ञान जागरण गाइदिने उद्देश्यले राजा जनकलाई निमित्त बनाएर अद्वीतीय अद्वैत ज्ञानको प्रकाश वालिदिनु भएको थियो ।

जसरी महात्मा बुद्धले जप, तप, पूजा, पाठ, कर्म, जस्ता कुनै पनि कृयाकलाप र कर्मकाण्डमा लागेर दु:खबाट मुक्ति मिल्दैन, शान्ति मिल्दैन वास्तविकताको बोध भएमा मात्र अर्थात् अनित्यलाई अनित्य जानेर अनित्यको त्याग गरेमा मात्र मुक्ति मिल्दछ भन्ने सनातन धर्मका सत्य संदेश सरल र सहज ढंगले सबैको मन मस्तिष्कमा

प्रभाव पर्नेगरी मार्गदर्शन गरिदिनु भएको थियो, यसैगरी महात्मा अष्टावक्रले पनि अद्वैत ज्ञानको सत्य संदेशलाई ७/८ हजार वर्ष अगाडि यसरी व्यक्त गर्नुभएको थियो– "आनन्द शान्ति अर्थात मुक्ति पाउनको लागि कुनै प्रकारको कृयाकर्म, पूजा, पाठ, भजन कीर्तन, उपासना, भक्ति ध्यान आदि निरर्थक हुन् । मुक्तिको लागि कृयानै मुख्य वाधक हो । केही गर्छु वा गर्दिन भन्नुनै अज्ञान हो, अहंकारको प्रदर्शन हो । अहंकार नै सबैप्रकारका दुःख, अशान्ति, वन्धन र जन्ममरणका मूल कारण हो । अहंकार, क्रोध, लोभ, मोह आदि सबैको मूल जड अज्ञान हो । ज्ञान विना अरू कुनै पनि उपायले अज्ञान हट्दैन । ज्ञान विना मुक्ति मिल्नै सक्तैन । ज्ञान हामी संगै, हामी भित्रै छ । यसतर्फ ध्यान नदी बाहिरी विषय वासनामा भुलेकोले मात्र दुःख रूपी वन्धनमा पर्नु परेको हो । यतिनै कुरा संझनु मात्र परेको छ । यही स्मृति अर्थात विवेकको जागरणबाट मात्र मुक्ति तथा शान्ति मिल्दछ । सत असत विवेक, अनित्य वोध अर्थात् अनित्यलाई अनित्य जानेर अनित्यको पछि नलागेमा अर्थात् अनित्यमा आशक्ति नगरेमा नै मुक्ति मिल्दछ । अरू केही गरेर पनि मुक्ति हुँदैन । नभएको वस्तुलाई छ भनेर, मानेर यसैलाई हटाउने वा पाउने प्रयासमा लागेकोले अर्थात् असतलाई सत र सतलाई असत मानेकोले मात्र मानव दुःख, चिन्ता, भय र मृत्युले जकडिन पुगेको हो अरू कुनै पनि कारणले होइन ।" अष्टावक्र महर्षि फेरि भन्नुहुन्छ, "थाहा नपाउँदा, भ्रमले गर्दा जसरी मानिस डोरीलाई सर्पदेखेर भाग्दछ, डराउँदछ, भाग्दा लड्दछ, चोटपटक लाग्दछ, दुःख पाउँदछ तर यदि त्यो त सर्प होइन रहेछ डोरी पो रहेछ भन्ने कुरा जान्यो भने त्यसबाट नत उ डराउँदछ, नत भाग्दछ अनि नत चोटपटक लागेर दुःखनै पाउँदछ । यसैगरी यो अनित्य शरीर, संसार र यस भित्रका मान्यता, धारणा पनि सत्य होइनरहेछन्, यी सबै अनित्य रहेछन्, भ्रममात्र रहेछन् भन्ने बुझ्ने वित्तिकै यिनका कारणबाट उब्जने

सबैप्रकारका दु:ख, अशान्ति, भय, क्रोध, लोभ, अहंकार स्वत: हराउँदछन् । यसको लागि अन्य कुनै प्रकारको प्रयास गर्नै पर्दैन अर्थात् डोरीलाई पिटेर, मारेर वा मन्त्र जप गरेर सर्प हट्दैन तर डोरी भन्ने ज्ञान हुने वित्तिकै स्वत: हट्दछ त्यसैगरी आइपर्ने दु:ख, वन्धन, अशान्ति पनि अरू कुनै पनि उपायले हट्दैनन् केवल ज्ञानबाट मात्र हट्दछन् ।"

यस्ता दिव्य संदेशले भरिभराउ भएको अष्टावक्र गीता जस्तो अनुपम ग्रन्थलाई वारंवार, सयौंवार पढ्नु, सुन्नु र मनन् गर्नुपर्दछ तवमात्र हामीमा भएको विवेक जागरण हुन्छ, अज्ञानको ढकनी हट्दछ । अज्ञानरूपी कर्मकाण्ड, विधिविधान, तीर्थ, व्रत जस्ता कृयाकलापमा अव धेरै नअलमलिउँ । अज्ञानसंग युद्ध गरेर कदापि जित्न सकिनेछैन । ज्ञानरूपी प्रकाश बालेमा मात्र अज्ञान रूपी अंधकार हट्नेछ ।

यस्तो परंपवित्र, मुक्तिदायी ग्रन्थलाई नेपाली भाषामा आफ्नो क्षमताले हुनेसम्म संक्षेप र सरल पारेर सेवा गर्ने प्रयत्न गरेकोछु ।

नरेन्द्रनाथ भट्टराई

पृष्ठभूमि

सबैलाई थाहै भएकै कुरा छ, राजा जनक आत्म ज्ञानका ज्यादै प्यासा दिए । उनी जो कोही पनि, जहाँ कहींबाट पनि ऋषि मुनि, महात्मालाई ल्याएर वा आफै गएर पनि ज्ञानको प्यास मेट्ने गर्दथे । दिनदिनैजसो उनको दरवारमा धर्म सम्मेलन, वाद विवाद, व्याख्या प्रवचन आदि भैरहन्थे । ज्ञानीजन ऋषिमुनिहरू सम्मानित र पुरष्कृत भैरहन्थे । याज्ञवल्क, गार्गी जस्ता विद्धान र विदुषीका छलफलबाट राजा ज्ञानको रसपान गर्दथे । धेरै वर्षको सतसंग, कथा प्रवचन, मनन्, चिन्तनबाट पनि राजाले आत्मज्ञान प्राप्त गर्न सकेका थिएनन् । राजा जनक जिज्ञाशु मात्र होइनन् मुमुक्षु नै भैसकेका थिए । आत्मज्ञानको क्रममा एक पटक राजाले दरवारमा एक भव्य विद्वान सम्मेलनको आयोजना गरेका थिए । अष्टावक्र पनि त्यो सम्मेलन हेर्न भनी सम्मेलन स्थलमा गए । अष्टावक्र १२ वर्षका वालकै थिए तापनि उनी तत्वदर्शी भैसकेका थिए । यो कुरा अरूलाई थाहै पनि थिएन । जन्मकाल देखिनै उनको शरीर आठ ठाउँमा वांगिएको हुनाले उनको नाम अष्टावक्र रहन गएको थियो । आठ ठाउँमा वांगिएको उनको शरीर हिंड्दा विचित्रको देखिन्थ्यो । अष्टावक्र त्यसरी वांगिदै हिँडेको दृश्य देख्दा राजा सहित सम्पूर्ण सभासद हाँस्न लागे । त्यो देख्दा अष्टावक्रले विनम्र हुँदै भने, "हे राजन ! विद्वान ज्ञानीजनहरूको सम्मेलन भनी हेर्न आएकोत यहाँ चमारहरूको सम्मेलन पो रहेछ !" आफूहरूलाई त्यस्तो अपशब्द प्रयोग गरेको सुन्दा सभासदहरू स्तब्ध भए ! अष्टावक्रलाई कारवाही गर्न राजासँग माग गरे । राजा जनकले अष्टावक्रसंग स्पष्टिकरण माग गर्दा अष्टावक्रले यस्तो जवाफ दिनुभयो,

"हे राजन् ! जसरी मन्दिर टेडोमेडो हुँदैमा आकास टेडो मेडो हुँदैन, आकाश सर्वव्यापक नित्य निराकार छ, मन्दिर अनित्य सीमित साकार छ । आकाशको मन्दिरसंग केही सम्बन्ध हुँदैन । यसैगरी आत्माको पनि शरीरसंग केही सम्बन्ध हुँदैन किनकि आत्मा निराकार छ शरीर साकार छ, आत्मा नित्य छ शरीर अनित्य छ । शरीर बांगो हुँदैमा आत्मा वाङ्गो हुँदैन । ज्ञानीजन सबैमा आत्माको दृष्टिले देख्दछन्, अज्ञानी शरीरको दृष्टिले हेर्दछन् । चमार चर्मको दृष्टिले हेर्दछ । यहाँका सभासदहरूले मलाई चर्मको दृष्टिले हेरेका हुनाले चमार सम्मेलन भन्नु अत्युक्ति नहोला ।" ऋषि वालकको यस्तो अमृत वचन सुन्दा राजालाई आफ्नो अज्ञानताको अनुभव भयो । तुरून्तै राजाले सिंहासनबाट ओर्लिएर अष्टावक्रलाई सिंहासनमा राखेर साष्टाङ्ग दण्डवत गर्दै आफूलाई आत्मदृष्टि जगाई दिन प्रार्थना गरे । महामुनिले राजाको निवेदन स्वीकार गरेर राजालाई उनका संदेहहरू निराकरण गर्दै अज्ञानका पर्दा हटाई ज्ञानको प्रकाश फैलाई दिए । प्रश्नोत्तर रूपमा रहेको यही अद्वैत ज्ञानरूपी रस पिउँदै आफू पनि अद्वैन वन्न सकौं भन्ने प्रार्थना गर्दै अष्टावक्र जनक संवाद प्रारम्भ गर्दछु ।

नरेन्द्रनाथ भट्टराई

पहिलो प्रकरण

अष्टावक्र अद्वैत महागीताको पहिलो प्रकरणमा जम्मा २० श्लोकहरू छन् । यी मध्ये पहिलो श्लोक राजा जनकको प्रश्न, "ज्ञान वैराग्य र मुक्ति कसरी प्राप्त हुन्छ" भन्ने वारेमा छ । यस प्रश्नको उत्तर दोश्रो श्लोकद्वारा महामुनि अष्टावक्रले सपष्ट रूपमा दिनुभएकोछ ।

(१)

जनक उवाचः कथं ज्ञानमवाप्नोति कथं मुक्तिर्भविष्यति ।
वैराग्यं च कथं प्राप्तमेतद्ब्रूहि मम प्रभो ॥

भावार्थः हे महामुनि प्रभु ! ज्ञान कसरी पाइने, मुक्ति कसरी हुने हो तथा वैराग्य कसरी मिल्ने हो कृपा पूर्वक मलाई बताइ दिबक्सियोस् ।

(२)

अष्टावक्र उवाचः मुक्तिमिच्छसि चेत्तात विषयान् विषवत्त्यज ।
क्षमार्ज्जवद यातोषसत्यं पीयूषवद्मज ॥

हे प्रिय राजा जनक ! यदि तिमी सांच्चिकै मुक्ति चाहन्छौ भने विषय वासनालाई विषजस्तो ठानेर यिनलाई त्यागिदेउ तथा क्षमा, आर्जव अर्थात् विनम्रता, दया, संतोष र सत्यलाई अमृत जानेर यिनलाई अपनाउ ।

आफ्नो स्वरूप कसरी जानिन्छ भन्ने बारेमा अष्टावक्रजी भन्नुहुन्छ, "हे महाराज ! तपाईं आफू पृथ्वी (माटो) होइन, यसैगरी जल पनि होइन, वायु र आकाश कुनै तत्व पनि होइन अर्थात यी पाँच तत्वबाट बनेका यो शरीर तपाईं होइन । तपाईं आफू त यी सबै

देखि भिन्न, यिनलाई देख्ने, थाहा पाउने साक्षी चैतन्यरूप भएकोले यसैमा निश्चित भएर रहनुनै आत्मज्ञान हो ।"

भनाईको तात्पर्य हो, देह र आत्मा एउटै वस्तु होइनन् । यी दुई विल्कुलै फरक फरक छन् । आफू आत्मा साक्षी चैतन्यरूप हो भन्ने कुरा बुझेर आत्मामै स्थिर भएर रहने हो भने सारा वन्धनबाट मुक्त भएर सुखी र शान्त होइन्छ । वास्तवमा देह जड छ । यो केही गर्न सक्तैन । चेतन आत्माको शक्तिपाएमा मात्र यो सकृय हुन थाल्दछ । आत्मासंगको सम्पर्क टुट्चोकि यो वेकम्मा हुन्छ, मुर्दा हुन्छ, सढ्न, गन्हाउन थाल्दछ । जसरी फलामको टुक्रा आगोको सम्पर्कमा पर्न गयो भने त्यो चीसो फलाम तातो, रातो आगो जस्तै भएर पोल्न र जलाउन थाल्दछ आगोको सम्पर्क टुटेपछि फेरि चीसो भएर उही कालो फलामको रूपमा जान्छ त्यसैगरी चेतन आत्मासंग संपर्क हुँदा पन्चतत्वले युक्त यो जड शरीर आत्मा जस्तै चेतनशील हुनपुग्दछ तथा आत्माको संपर्कबाट छुट्ने वित्तिकै यो शरीर पंचतत्वको जड रूपमै मिल्न पुग्दछ । यस वास्तविक तथ्यलाई बुझेर देह आफू (आत्मा) होइन भन्ने कुरा बुझेर यसबाट अलग्ग भएर हेर्ने वित्तिकै देह र देहका कारणबाट उब्जने सबै प्रकारका दु:खबाट मुक्ति मिलिहाल्दछ । यस तथ्यलाई बुझ्न यो एउटा उपमालाई विचार गरेमा पनि धेरै सहयोग गर्दछ । म भन्नु र मेरो भन्नु विल्कुलै फरक कुरा हुन् । मेरो भन्ने वित्तिकै ती जेसुकै किन नहोस् म हुँदैन । म देखि वेग्लै हुन्छ । जस्तै, मेरो लुगा म होइन, मेरो जुत्ता म होइन, मेरो टोपी म होइन त्यस्तै मेरो शरीर म होइन मेरो हो, मेरो टाउको म होइन, मेरो खुट्टा म होइन, मेरो बुद्धि, मन, इन्द्रिय यी पनि म होइन, यी सबै कुरा म देखि अलग, फरक हुन् ।

अझ सरल पारिदिएर तुरून्तै सुखी, शान्त र सम्पूर्ण वन्धनबाट मुक्त हुने उपाय बताउँदै मुनि भन्नुहुन्छ– "हे महाराज ! यदि तपाईंले यो देहलाई आत्मादेखि फरक अलग्गैको हो भन्ने कुरा

बुझेर आफ्नो चित्तलाई आत्मामा स्थिर गराउनुभयो भने तुरून्तै, अहिल्यैनै सम्पूर्ण सांसारीक वन्धन (दुःख, अशान्ति, अतृप्ति, विषय, वासना, काम, क्रोध, लोभ आदि) बाट मुक्त भैहाल्नुहुन्छ । वन्धन मुक्त हुने वित्तिकै देखि अविरल रूपमा सुख र शान्तिको वर्षा हुन थाल्दछ ।"

आफ्नो स्वरूपको वर्णन यस पाँचौ श्लोकद्वारा महर्षिले अझस्पष्ट पार्दै भन्नुभयो, "हे राजन ! तपाईं ब्राह्मण, क्षत्रिय जस्ता कुनै जाति पनि होइन, नता तपाईं वर्णाश्रमवाला नै हो नता आँखा, कान जस्ता इन्द्रियद्वारा देख्न, सुन्न, थाहा पाउन सकिने विषयनै हो । तपाईं (आत्मा) यी सबैका साक्षी, सबैदेखि बेग्लै, कुनैपनि आकार र प्रकार नभएको (निराकार) सम्पूर्ण विश्वकै साक्षी हुँ भन्नेकुरा जानेर आनन्द हुनुहोस् ।

यसै कुरालाई पुष्टि गर्दै फेरि मुनि भन्नुहुन्छ, "हे राजा जनक ! धर्म अधर्म, सुख, दुःख आदि कुराहरू सबै मनका स्वभाव हुन् । तपाईं व्यापक आत्माको यी स्वभाव होइन । त्यसकारण तपाईं नत कुनै कुराको कर्तानै हो नता भोक्तानै हो । तपाईं त सदा सर्वदा मुक्त चैतन्य स्वरूपवाला हो ।"

हे महाराज ! तपाईं (आत्मा) सच्चिदानन्द परिपूर्ण हुनुहुन्छ तथा सबैका द्रष्टा र सम्पूर्ण कुराबाट पूर्ण रूपले मुक्त हुनुहुन्छ, कहिल्यै पनि, कुनै प्रकारको वन्धन तपाईंमा छँदैछैन । आफ्नो यस्तो स्वरूपलाई नजानेर, नबुझेर, आफूदेखि अलग अर्के कुरा (शरीर, मन, इन्द्रिय) लाई द्रष्टा मानेकोलेनै तपाईंलाई वन्धन (सुख-दुःख, प्रिय-अप्रियआदि) भएको हो ।

पहिलो प्रकरणको ब्राँकी आठौं देखि बीसौं श्लोक सम्मका भावार्थ यसप्रकार छन्:–

हे राजन् ! मनै सबै काम गर्ने कर्ता हूँ तथा यी काम गरेर यस्तो भोग भोगूंला भनेर हिंड्ने अज्ञाननै अहंकार रूपी कालो सर्प

हो । यही अहं रूपी सर्पको डसाईबाट छटपटिएको अज्ञानी मानिस जन्म मरण रूपी चक्रमा परेर आफूलाई कर्ता भोक्ता मानेर भटकिरहन्छ । यसप्रकारको विष उतार्नको लागि म कर्ता भोक्ता होइन भन्ने कुरामा दृढ रहिदिनु पर्दछ । यही दृढतानै अमृत हो । यस्तो अमृत पान गरेमा तपाईं सदा सुखी हुनुहुन्छ अन्य कुनै उपायले पनि सुख पाइनेछैन ।

निश्चयात्मिका बुद्धि जागरण बिना ज्ञान नहुने कुराको अभिव्यक्ति गर्दै मुनि भन्नुहुन्छ । हे राजन् ! तपाईंले यो निश्चय गर्नुपर्‍यो कि आफू (अर्थात् आत्मा) सर्वव्यापक छु सर्वज्ञ छु, विशुद्ध छु । यस्तो विशुद्ध अग्निरूपी ज्ञान प्रज्वल्लित भएमा अज्ञान रूपी वनलाई भष्म पारिदिनेछ । यति भएमा सांसारीक रोग, शोक आदिबाट मुक्त भएर परमानन्द प्राप्त हुनेछ ।

उपमाको रूपमा, डोरीलाई भ्रममा पर्दा सर्प ठानेर मानिस भयभित भएर भागेको कुरा दर्शाउँदै महर्षि अष्टावक्रजी भन्नुहुन्छ, हे महाराज ! जसरी अज्ञानको कारणले गर्दा मन्द अन्धकारमा डोरीलाई सर्प जस्तो देखेर डराइन्छ यस्तै गरी अज्ञानरूपी मन्द अन्धकारको कारणले आत्म स्वरूपमा जगत संसार खडा भए जस्तो हुन्छ । तर जब आफ्नो स्वरूपको वास्तविकता बोध हुन्छ त्यस वखत यो भ्रमबाट देखापरेको विश्व जगतको विल्कुलै अभाव हुन्छ । यसरी स्वरूपलाई बुझेर आनन्दसंग संसारमा रहनुहोस् ।

आफूले आफूलाई जे जस्तो ठान्यो, जेजस्तो मान्यो उस्तै होइने तथ्यलाई ११ औं श्लोकद्वारा बहुतै प्रभावकारी ढंगले व्यक्त गर्नु भएकोछ । वहाँ भन्नुहुन्छ, हे जनकज़ी ! वन्धन र मोक्ष दुवैको मूल कारण आफू, आफ्नो मन र मान्यतानै हो । अर्थात् अभिमाननै हो । यस तथ्यलाई राम्ररी बुझेर तदअनुरूप आचरण गर्ने व्यक्ति कहिल्यै वन्धनमा पर्दैन । तसर्थ मानिसको जस्तो मति अर्थात बुद्धि हुन्छ त्यस्तै

गति (अवस्था) हुन्छ । यसै कुरालाई अझ स्पष्ट पार्दै १२ औं श्लोकद्वारा मुनिजी भन्नुहुन्छः

आत्मा अर्थात् आफू साक्षी रूप मात्रछ, आत्मा व्यापक र पूर्णछ, सदामुक्त एक रूप र चिदानन्द छ । आत्मा कृया रहित र संग रहित तथा इच्छा रहित छ । सदासर्वदा शान्त यस्तो आत्मामा भ्रमले अर्थात अज्ञानको कारणले गर्दा विश्व, यसको रचना, जन्म, जीवन, मृत्यु आदि भासमान भएको हो । यसको कारण आफनो सच्चा स्वरूपको अज्ञान र देहभिमान हो । वन्धनमै नपरेको आत्मा (आफूलाई) वन्धनमा परेको मानेर यसबाट मुक्ति हुन मानिस चाहन्छ ।

आफूलाई म आभासरूपी जीव हूँ भन्ने गलत धारणाले जकडेको छ यहीनै वन्धनको कारण भएकोले म भावनालाई भित्र बाहिर सबै तिरबाट छोडेर आफू अर्थात् आत्मालाई अकर्ता, कूटस्थ, असंग, वोधरूप, अव्दैत र व्यापक बुझेर, संझेर, जानेर रहनपर्ने कुरालाई मुनिजी संझाउँदै हुनुहुन्छ ।

देह र यससंग संवन्धित कुरालाई म र मेरो मानिरहेको, यसैमा दृढ भावना बसिसकेको हुनाले पुनः मुनिजी आत्मविद्या बारे यसरी स्पष्ट पारिदिनुहुन्छः

हे पुत्र ! (अष्टावक्रजी वलाकै भएपनि ज्ञानको हिसावले वहाँ बूढा राजा जनकका पिता जस्तै पाका हुनुभएकाले यहाँ पुत्र भनी संवोधन गर्नुभएकोछ) तिमीले आफूलाई म देह हूँ भनेर वाल्यावस्था देखिनै मानिआएकोले तिमी दुःखरूपी वन्धनमा परेका हौ । यदि तिमीले आत्मज्ञानरूपी खड्गले त्यस गलत धारणालाई काटिदिएर आफूलाई म ज्ञान स्वरूप हुँ, नित्य मुक्त छु भन्ने कुरालाई निश्चय गऱ्यौ भने तिमी सुखी हुन्छौ, तिमीमा (आत्मामा) वन्धन कुनै प्रकारको पनि कुनै समयमा पनि छैदैछैन ।

आत्मज्ञानलाई अझ स्पष्टपार्दै मुनिजी भन्दै हुनुहुन्छः

हे राजा ! तिमीत असङ्ग छौ, कृयारहित छौ, स्वयं प्रकाश छौ अर्थात् आत्मा असंग, कृयारहित र स्वयं प्रकश भएकोले यसले केही गर्ने भन्ने प्रश्नै छैन । कुनै किसिमको प्रयास अर्थात् समाधि गर्न तिर लाग्नु जस्तो कृयाले नै तिमी वन्धनमा परेका हौ । आत्माको लागि कुनै प्रकारको अनुष्ठान छैन ।

आफू अर्थात् आत्माको व्यापकता वारे संझाउँदै महामुनि अष्टावक्रजी भन्नुहुन्छ, हे महाराज ! हे तात ! तिमी शुद्ध छै, शुद्ध चैतन्य स्वरूप छौ, यो संसार तिमी देखि अलग छैन, तिमीमै उनिएर रहेकोछ, तिमीमै खडा भएको छ । यस वास्तविक तत्थ्यबाट चित्तवृत्तिलाई विपरित नगराउ ।

यही तत्थ्यलाई १७, १८, १९ र २० श्लोकद्वारा दृढ गराई निश्चयात्मिका वुद्धि गराउने प्रयास यसरी भएको छ:

हे महाराज ! तिमी अपेक्षारहित छौ, विकार रहित छौ, क्षोभ रहित छौ, तिमीत चिद्घनरूप हौ, तिमी त सदा शान्ति र मुक्तिका स्थान हौ तथा अगाध चैतन्य वुद्धिवाला भएकोले यही चैतन्य मात्र भएर रहू । शरीर आदिलाई अनित्य जान तथा निराकार आफ्नो तत्वलाई निश्चल र नित्य छ भन्ने कुरा राम्ररी जानेर रहेमा यो संसारमा फेरि जन्मनु पर्दैन । जसरी ऐनामा शरीरको प्रतिविम्व रूप देखिन्छ तर दर्पणमा देखिएको प्रतिबिम्ब सत्य शरीर होइन, भासमान मात्र हो त्यहाँत वरपर माथितल सव ऐनामात्र छ । यस्तैगरी आत्मामा देखिएको शरीर, संसार आदि जो छ त्यो सत्य छैन भित्र, बाहिर तल, माथि सबैतिर केवल आत्मा मात्र व्याप्त छ । जसरी एउटै आकाश सबैठाउँमा बाहिर, भित्र घडामा, कोठामा व्याप्त छ त्यसैगरी नित्य निरन्तर ब्रम्ह सबै भौतिक प्राणीहरूमा रहेकोछ ।

दोश्रो प्रकरण

पहिलो प्रकरणका अष्टावक्र मुनिजीका दिव्य उपदेशबाट राजा जनकलाई अचानक आत्मावोध जागरण भैहाल्यो । जनकजीलाई

वहुतै आश्चर्य भयो कि आफू यतिका समयसम्म अज्ञानमा परीरहेको कुरा संझदा यसै कुराको अभिव्यक्ति यसरी गर्नुहुन्छः

अहो ! म आफू यस्तो निर्दोष, शान्त, वोधरूप र प्रकृतिबाटै अलग भएर पनि यतिका वर्षसम्म अज्ञानमा परेर ठगिएर रहेको पो रहेछु !

यसै उद्घोषलाई यस प्रकरणका बाँकी अरू २४ श्लोकबाट जनकजी सविस्तार यसरी व्याख्या गर्नुहुन्छः

जसरी मैले (आत्मा) यस शरीरलाई प्रकाशित गरिरहेकोछु त्यसैगरी यस विश्वलाई पनि प्रकाशित गरिरहेकोछु । यस तथ्यबाट स्पष्ट हुन्छकि यात सम्पूर्ण विश्वनै मेरो हो अथवा यी मेरा केही पनि होइनन् ।

आफूलाई यस शरीर र विश्वबाटै अलग देख्दाखेरी अर्थात् मुनिजीको उपदेशबाट ज्ञानभएपछि संसार र शरीरबाट अलिप्त आफूलाई जान्ने वित्तिकै परमात्म दर्शन भयो ।

जसरी समुद्रमा (पानीमा) फोका, फींज, छाल निक्लिन्छन् तर ती पानी देखि भिन्न छैनन् त्यसैगरी आत्माबाटै निक्लिएको विश्व पनि आत्मादेखि भिन्न छैनन् । जसरी कपडा धागो देखि अलग हुँदैनन् यसैगरी राम्ररी विचार गर्ने हो भने यो विश्व पनि आत्मसत्तादेखि फरक हुँदैन आत्मसत्तानै हुन्छ । जसरी सक्खरमा उखु रस व्याप्त छ त्यसैगरी नित्य आनन्द स्वरूप आत्मामा सारा जगत अध्यस्त छ, देखिएकोछ । आफ्नै आनन्दस्वरूप नै सर्वत्र व्याप्त छ ।

आफ्नो ज्ञानको अनुभवलाई राजा पुनः यसरी भन्नुहुन्छ, आफूलाई नजान्दाखेरिनै संसार खडा हुने रहेछ अर्थात् आफूलाई जान्ने वित्तिकै संसार गायव भयो जसरी डोरीमा अज्ञानको कारणले गर्दा सर्प देखिन पुग्दछ तथा डोरी हो भन्ने कुरा जानेमा त्यहाँ सर्प देखिदै देखिदैन किनकि डोरी सर्प हुँदैहोइन, डोरीमा सर्प छँदैछैन ।

मेरो वास्तविक स्वरूप प्रकाश (ब्रम्ह) हो, संपूर्ण विश्वब्रम्हाण्ड मेरै प्रकाशबाट प्रकाशित भैरहेका छन् । म पनि यसबाट कत्ति पनि फरक छँदैछैन । तर आश्चर्य यो छ कि अज्ञानको कारणले गर्दा (नजान्दाखेरी) मनले कल्पित यो संसार सिपीलाई चाँदी र डोरीलाई सर्प देखिएझैं तथा घामले गर्दा मरूभूमिमा पानी देखिएजस्तो देखिइरहेको छ ।

जसरी पानीमा देखिएको लहर पानीनै हो, माटोबाट बनेको घडा माटोनै हो, सुनका गहना सुननै हुन् त्यसैगरी मबाट निक्लिएको यो संसार पनि मनै हो मैमा ओतप्रोत छ, मैमा लय छ ।

ब्रम्हा देखि लिएर घाँसपात सबै नाशवान छन् । तर सबै जगत नाश हुँदा पनि म नाश हुन्न म अविनाशी छु । मेरो (आत्माको) यस्तो आश्चर्य स्वरूपलाई मेरो नमस्कार छ । म देहधारी भएर पनि अव्दैतछु । सवैतिर व्याप्त रहेको म नत कहीं जान्छु नत कहींबाट आउँदछु । यस्तो आश्चर्य स्वरूप मलाई नमस्कार छ ।

म जत्तिको दक्ष (ज्ञानी) कोही छैन । अ आफू असङ्ग भएर पनि शरीर, संसार सबैलाई धारण गरेर चलाई रहेकोछु अर्थात् मेरै शक्ति पाएर सबैकुरा चलिरहेकाछन् ! यस्तो मेरा आश्चर्य स्वरूपलाई नमस्कार छ ।

वास्तवमा मेरो भन्ने यहाँ केही पनि छैन तापनि यी सबै जो छन् यी सबै मैमा रहेकाछन् यस्तो मेरो आश्चर्य स्वरूपलाई नमस्कार छ ।

वास्तवमा निरन्जन स्वरूप ममा ज्ञान, ज्ञाता र ज्ञेय भन्ने केही छँदैछैन तर अज्ञानले गर्दा यी तीनै कुरा भए जस्तो देखिन्छ ।

यहाँ जो द्वैत (आफूदेखि फरक अरू) देखिएजस्तो भएको छ त्यो विल्कुलै असत्य हो । अर्थात् यो दृश्य जगत वास्तवमा झूठा हो, यो छँदैछैन । संपूर्ण दुःखको मूल कारण नै यही द्वैत भाव हो । यस दुःखको औषधि, म (आत्मा) शुद्ध चैतन्य स्वरूप अद्वैत हूँ ।

महाराज जनक आफ्नो अनुभूति प्रकट गर्दै भन्नुहुन्छ, म ज्ञान स्वरूप मात्र हूँ । अज्ञानको कारणले गर्दा मात्र यी उपाधिहरू देखिए जस्ता भएका हुन् । यस तथ्यलाई नित्य विचार गर्दै जाँदा आफ्नो स्थिति निर्विकल्पमा पुगिन्छ ।

यसरी ममा वन्धन र मोक्ष भन्ने केही पनि रहेनछ, मैले देखेका यो जगत पनि केही रहनेछ भन्ने तथ्य बुझ्ने बित्तिकै मेरा भ्रान्ति (गलत धारणा) शान्त भैगए । शरीर सहित यो जगत केही पनि आफ्नो होइन रहेछु आफूत केवल शुद्ध चैतन्य रहेछु भन्ने कुराको दृढता हुने वित्तिकै विश्वका सबै कल्पना हराएर गए । कुनै पनि कर्तव्य तथा कर्मनै नभएको विशुद्ध चैतन्य स्वरूप ममा शरीर, स्वर्ग र नर्क, वन्धन र मोक्ष तथा भय आदि विकार केही छैनन, यी सबै केवल कल्पनामात्र हुन् ।

जनकजी भन्नुहुन्छ, जीवहरूको बीचमा रहेर पनि मैले यिनीहरूलाई बेग्लै अर्को (द्वैत) नदेखे पछि यिनीहरू प्रति मोहित हुने कुरै भएन । म शरीर होइन, शरीर मेरो पनि होइन मत चैतन्य रूप हूँ । यस्तो हुँदा हुँदै पनि ज्ञान नहुँदा मैले आफूलाई शरीर ठानेर यसलाई बचाइराख्ने इच्छा गरेकाले नै वन्धनमा परेको रहेछु ।

हावाचल्दा महासागरमा तरंग र छालउठे जस्तै ममा चित्तरूपी पवन चलिरहँदा जगत रूपी तरंग देखिए तापनि यी सबै आत्मा देखि (म देखि) अभिन्न नै हुने भए ।

यस्तो महान, अनन्त ममा (आत्मामा) उठ्ने चित्तरूपी पवन जव शान्त हुन्छ तव जीव रूपी व्यापारीको शरीररूपी डुंङ्गा प्रारव्धकर्मरूपी नदी शान्त भए जस्तै शान्त हुन्छ ।

यो कुरा गजव छकि अनन्त सागररूपी ममा जीवरूपी तरंग उठ्दछन्, आपसमा जुद्धछन्, खेल्दछन् तथा आँफै लय भएर जान्छन् ।

तेश्रो प्रकरण

अझ राम्ररी परीक्षा लिने विचारले महर्षि अष्टावक्र यस्तो प्रश्न जनकलाई सोध्नुहुन्छः

महाराज ! अद्वैत, अनिनाशी आत्माको (आफ्नो) वास्तविकता जानेर पनि तिमी जस्ता आत्मज्ञानी धीर पुरुष धन कमाउने जस्तो कुरामा किन प्रीति गर्दछन् ?

यो प्रश्नको उत्तर मुनिजीबाटै पाउने आग्रह गर्दा मुनिजी भन्नुहुन्छः

जसरी नजान्दाखेरी सीपीलाई चाँदी ठानेर यसमा मानिस लोभ गर्दछ त्यसैगरी आत्म अज्ञान अर्थात आफूलाई नजान्दाखेरी भ्रममा परेर विषय प्रति प्रीति गर्न पुगेका हुन् । हे राजन ! आफूमै अर्थात् आत्मारूपी समुद्रमा यो विश्व तरङ्ग जस्तै देखिन्छन् भन्ने कुरा जान्दाजान्दै पनि किन दीन दुःखी भएर दौडिरहेका होलान ?

आफ्नो यस्तो विशुद्ध सुन्दर चैतन्य स्वरूपलाई जानेर पनि मानिस किन विषयमा आशक्त भएर मूढहुन पुगेका होलान् ?

आफूमानै सबै जगत भएको तथा विश्व ब्रम्हाण्डभर आफूनै व्याप्त भएको तथ्य जान्ने मुनिजनमा पनि ममता हुनु आश्चर्यको कुरा छ ! साथै अद्वैतलाई बुझिसकेर मोक्षको लागि अघि बढी सकेको मानिस पनि काम (विषयवासना) को बसमा परेर कृयागर्न थाल्दछ र व्याकुल हुनथाल्दछ भने यो कस्तो आश्चर्य ! ज्ञानको शत्रुनै काम हो भन्ने कुरा बुझिसकेको मानिस पनि विषयवासनाकै पछि लाग्नु कस्तो आश्चर्य ! यस्तो हुनुत कस्तो भने, मर्नलागेको (अन्तिम श्वास फेरिरहेको वेलाको) मानिसले भोगको इच्छा गर्न खोज्नु जस्तै भयो ।

सांसारीक भोगवासना तथा स्वर्गीय विषयवासना सबैबाट विरक्त भएको, नित्य र अनित्य जान्ने तथा मोक्ष चाहने भैसकेर पनि मोक्ष देखि डराउनु कस्तो आश्चर्य ! ज्ञानी जन भोग भोग्दा वा सुखःदुःख आइपर्दा पनि सधैं अत्मालाई मात्र देख्दछ । यी कुनै पनि

घटना आइपर्दा नत प्रशन्ननै हुन्छ नत रिसाउँदछ नै । अरू मानिसको शरीरले विभिन्न काम गरिरहेको देखिए जस्तै आफ्नो शरीर पनि अरूको जस्तै अलग्गै चेष्टा गरिहेको हो भन्ने बुझ्ने, देख्ने महापुरुषलाई कसैले स्तुति वा निन्दाबाट हर्ष र क्षोभ केही हुँदैन ।

अज्ञान हटेका धीर पुरुषको दृष्टिमा यो जगत र यसका कार्य केवल माया (खेल) मात्र हुन्छ । मृत्युले यस्तालाई भयभीत पार्न सक्दैन । मोक्षको समेत इच्छा नहुने आत्मज्ञानले तृप्त भएका ज्ञानीको तुलना कसैसंग पनि हुनसक्दैन । दृश्य जगत यथार्थमा केही होइन भन्ने कुरा बुझ्ने ज्ञानीको लागि यहाँ ग्रहणयोग्य तथा त्याग्नुपर्ने कुरा केही हुँदैन ।

विषय वासनारूपी फोहर जसको अन्तःकरणबाट हटिसकेकोछ, जो द्वन्द रहित छ यस्ता महापुरुषलाई जीवनमा आइपर्ने कुनै पनि वस्तु वा घटनाले नत दुःख दिन सक्दछ नत सन्तोष दिलाउननै सक्तछ ।

चौथो प्रकरणः

यस प्रकरणका ६ श्लोकहरू राजा जनकका उदगार हुन् । अनुभूतिका आधारमा तत्थ्य कुरा गुरु समक्ष राख्दै राजा भन्नुहुन्छ :

अरूले देख्दा भोगमा लागेको जस्तो देखिएपनि वास्तवमा आत्मज्ञानी धीर पुरुषलाई संसारमा लिप्त रहेका मूर्ख मानिस जस्तो कदापि ठान्नु हुँदैन । जुन पद पाउनको लागि देवता समेत लायायित हुन्छन् त्यस्तो पद पाउँदा पनि ज्ञानी योगीलाई हर्ष हुँदैन ऊ नित्य आत्मामै रमाइरहन्छ । आत्मज्ञानी अर्थात आफ्नो सच्चा स्वरूपलाई जानेर त्यसमै रहने मानिसको अन्तःकरण पुण्य र पाप कसैसंग सम्बन्ध नै रहँदैन जसरी आकाशमै रहेको भए तापनि धूवाँसंग आकाशको केही सवन्ध हुँदैन । विश्व जगतलाई आत्मरूप देख्ने महात्मालाई यस्तो गर्नुपर्दछ वा गर्नुहुँदैन भनेर कसले रोक्न सक्दछ ? ब्रम्हा देखि भुसुनासम्मका जीव समूह कसैमा सामर्थ नभएको इच्छा र

अनिच्छाको त्याग गर्ने शक्ति केवल ज्ञानीमा मात्र हुन्छ । जीव र ईश्वरमा समेत अद्वैत भाव राख्ने आत्मज्ञानी अभय भएर गर्नुपर्ने कर्म मजासंग गर्दछ ।

पाँचौ प्रकरण:

यस प्रकरणका ४ श्लोकहरू महिर्ष अष्टावक्रका दिव्य उपदेशले ओतप्रोत छन्: वहाँ भन्नुहुन्छ:

हे महाराज ! तिमी अर्थात् आत्मा असंग भएकोले शुद्ध छौ । शुद्ध वस्तुले त्याग्ने वा ग्रहण गर्ने कुरा केही हुँदैन । देहाभिमान त्याग भएपछि मोक्ष स्वत: प्राप्त हुन्छ ।

जसरी समुद्रमा अनेक फोका, छाल उत्पन्न हुन्छन् र त्यहीँ हराउँछन् त्यसैगरी तिमीमा यो विश्व प्रपन्च उत्पन्न हुन्छन् हराउँछन् । आफूलाई (आत्मालाई) यस्तो जानेमा शान्ति प्राप्त हुन्छ । वास्तवमा डोरीमा देखिएको सर्प सर्प हुँदै होइन त्यसैगरी यो दृश्यमान संसार प्रत्यक्ष देखिए पनि तिमी यी देखि अलगै छौ । तिमीले देखेका विश्व प्रपन्च हुँदै होइन, छँदैछैन । यस तत्थ्यलाई बुझेर जो सुख, दु:खमा सम हुन्छ, आशा र निराशामा उस्तै हुन्छ, मर्नु र बाँच्नुमा केही फरक देख्दैन यस्तालेनै मोक्ष पाउँदछ । अर्थात् ब्रम्हदृष्टि पाउँदछ ।

छैठौँ प्रकरण:

ज्ञानका कुरामा अझ दृढता जागरण गराउने उद्देश्यले महामुनि यस प्रकरणमा अझ गहिरो कुरा यसरी भन्नु हुन्छ:

जसरी घैंटोको आकाश वेग्लै आकाश होइन, अनन्त आकाशनै हो । घैंटो फुट्दैमा आकाश फुट्ने पनि होइन । यसैगरी आत्मा अर्थात म अनन्त छु, शरीर जन्मदैमा म जन्मने र शरीर मर्दैमा म (आत्मा) मर्ने पनि होइन । शरीर र घैंटोत प्रकृतिजन्य नाशवान पदार्थ हुन् । त्यसकारण यहाँ ग्रहण गर्नुपर्ने र त्याग्नुपर्ने कुरा केही पनि छैन ।

आत्मा अर्थात् म महासागर जस्तै हूँ भने संसार तरंगहरू जस्तै हो । यस्तो संसारलाई त्याग्नु वा ग्रहण गर्नुपर्ने भन्ने प्रश्नै आउँदैन । यस तथ्य बुझ्नुनै वास्तविक ज्ञान हो । अर्को उदाहरण सिपी र चाँदीको दिदै मुनिजी भन्नुहुन्छ, म अर्थात् आत्मा सिपी जस्तै हो भने चाँदी विश्व जस्तै हो । यस्तो आत्मस्थिति भएकोले यहाँ त्याग र ग्रहण भन्ने प्रश्ननै उठ्दैन । सबै प्राणीमा मनैछु अर्थात आत्मा सर्वव्यापक छ, सबै भूत प्रपंच ममानै छन् । तसर्थ यहाँ त्याग गर्ने कुरा तथा ग्रहण गर्ने कुरा केही पनि छैन । यही तत्थ्य जान्नुनै सही ज्ञान हो ।

साताँ प्रकरण:

यस प्रकरणका पाँच श्लोकहरूद्वारा राजा जनक आत्मज्ञान बारे आफ्नो अनुभूति पुनः यसरी उद्घोष गर्नुहुन्छ ।

समुद्रमा हावा चल्नु तथा डुंगा यताउता गर्नुले समुद्रलाई केही असर गर्दैन त्यसैगरी सागररूपी म (अनन्त) मा विश्वरूपी डुंगा मन रूपी पवनद्वारा जतिसुकै यताउति गरेपनि मलाई केही असर पार्न सक्दैन । म अनन्त सागरमा जगतरूपी लहरहरू जतिसुकै उठ्न् वा हराउन् या रहून मलाई नत फाइदा नै हुन्छ नत हानिनै हुन्छ । म अनन्त महासागरमा संसार देखिनु त केवल कल्पना मात्र हो । मत अतिशान्त, निराकार र सत्ता मात्र छु । वास्तवमा आत्मा (म) देहादिमा छैन तथा देहादि आत्मामा छैन । यस्तो अनन्त निर्द्वन्द आत्मा म भएकोले म संगरहित र शान्त छु । म त चैतन्यमात्र हूँ, यो विश्व इन्द्रजाल जस्तै हो त्यसकारण यहाँ पाउनु वा छोड्नु भन्ने केही छैन ।

आठौँ प्रकरण:

यस प्रकरणका चार श्लोकद्वारा महामुनि अष्टावक्र राजा जनकको अनुभवलाई अझ दृढ पार्दै हुनुहुन्छ ।

मन जब चाहना गर्न सोच्न थाल्दछ, केही त्याग्न वा ग्रहण गर्न थाल्दछ तथा प्रशन्न र दुःखित हुन थाल्दछ तब मानिस बन्धनमा

पर्दछ । तर जव त्यही मन नत केही चाहन्छ, न सोच्दछ, न ग्रहण गर्दछ, न प्रसन्न हुन्छ तथा नत दुःखित हुन्छ तव मानिस मुक्त हुन्छ । यसरी विषयमा दृष्टि जाने वित्तिकै यो मनले वन्धनमा पारिदिन्छ तथा विषयबाट दृष्टि हट्ने, छुट्ने वित्तिकै मानिस मुक्त हुन्छ । अर्को कुरा, जव म हूँ (अहंकार) हुन्छ त्यसै वखत वन्धनमा पर्दछ तथा जव मत होइन भन्ने (निरहंकार) हुन्छ त्यसै वखत मोक्ष मिल्दछ ।

नवौँ प्रकरण:

राजा जनकमा वैराग्य प्रति दृढता बढाउने उद्देश्यले यस प्रकरणमा आठ श्लोकद्वारा गुरु अष्टावक्र यसरी उपदेष दिनुहुन्छः

कृत र अकृत कर्म (गर्नु पर्ने र गर्नु नपर्ने काम) गरेर वा नगरेर तथा सुख र दुःख यी दुई कुराबाट कहिल्यै शान्ति मिल्नेवाला छैन । यस तथ्यलाई राम्ररी बुझेर यिनलाई त्याग गर्नु पर्दछ । यिनमा अव्रती (वास्ता नगर्ने) हुनु पर्दछ ।

सांसारीक सबै पदार्थ वन्धनका कारण हुन् भन्ने कुरा जान्ने मानिस यस संसारमा बाँच्ने, भोग्ने तथा ज्ञानको इच्छा समेत केही नगरी शान्तसँग रहन्छन् ।

सांसारीक पदार्थ सबै अनित्य छन्, तीनै तापले (आधि भौतिक, आधि दैविक र आध्यात्मिक ताप) दुषित भएकाछन्, सार रहित र निन्दित भएकाले यी त्याग योग्य छन् भन्ने सत्य कुरालाई निश्चय गरेमा नै शान्ति प्राप्त हुन्छ ।

सुख र दुःख नभएको समय नै हुँदैन, अवस्थानै हुँदैन अर्थात् हर समय र हर अवस्थामा यहाँ सुख या दुःख भै नै रहन्छ तसर्थ यी सबैलाई वास्ता नगरी तथा प्राप्त (जो आइपर्छ) वस्तुमा रमाएर रहने मानिसलेनै सिद्धि अर्थात् मोक्ष पाउँदछ ।

धेरै ऋषिमुनिहरूले यहाँ मानिसलाई भ्रमित पार्ने धेरै प्रकारका मत सम्प्रदाय फैलाएका छन् । यिनको अनुयायी भएर

मुक्ति मिल्दैन । यी सबै विरोधाभाषी छन् । तसर्थ वैराग्य, समता र युक्तिद्वारा चैतन्य ज्ञान रूपी आफ्नो स्वरूपलाई जान्ने मानिसले नै दुःखरूपी संसारबाट आफूलाई तार्दछ । यस्ता मानिसनै सच्चा गुरु हुन्छन् ।

भौतिक पदार्थबाट बनेको यो देह इन्द्रिय आदि पनि सबै भौतिक पदार्थ मात्र हुन् भन्ने जान्ने वित्तिकै मानिस वन्धनबाट छुटेर आफ्नो स्वरूपमा स्थित हुनेछ ।

वास्तवमा संसार भनेकै वासनामात्र हो । यस तथ्यलाई बुझेर वासना नत्यागी हुँदैन । वासना हटेपछि प्रारब्ध अनुरूप शरीर चल्दछ । यस्ता वासना रहित व्यक्ति नै आनन्दमय जीवन व्यतित गर्दछ ।

दशौँ प्रकरणः

हे राजन् ! मुक्ति पाउने हो भने धनलाई अनर्थको रूप र कामभोगलाई वैरीको रूप तथा धर्मलाई यी दुवैको कारण रूप देखेर यी तीनै कुरालाई छोडिदेउ ।

इष्टमित्र, धन खेत, घर स्त्री, भाईवहिनी आदि सम्पत्तिलाई स्वप्न समान, इन्द्रजाल समान २/४ दिनका क्षणिक हुन् भन्ने कुरा राम्ररी बुझ ।

तृष्णानै संसार उत्पत्तिको कारण हो भन्ने कुरा बुझ । यस तथ्यलाई बुझेमा असाधारण वैराग्य उत्पन्न हुन्छ । यसरी तृष्णारहितभएर सुखी होउ ।

तृष्णानै वन्धनको कारण हो तथा तृष्णा नाशनै मोक्ष हो । यसरी संसारबाट असंग रहेमा मात्र आत्म प्राप्ति र तृप्ति भै रहन्छ । तिमी (आत्मा)शुद्ध चैतन्य रूप हौ, संसार जड र असत्य हो । संसारको कारण अविद्या पनि असत हो । यति कुरा जानिसकेपछि जान्न बाँकी नै केही हुँदैन ।

जमीन ज्यथा, छोराछोरी, पत्नी, शरीर तथा यिनबाट हुने सुख यिनमा टिक्दैनन् अर्थात यी सबै नष्ट भएर जान्छन् यसैगरी तिम्रा पनि यी कुरा हरेक जन्ममा नष्ट भैरहेकाछन् तसर्थ धर्म, अर्थ र कामना यी तीन कुरा नछुटिन्जेल संसाररूपी जंगलमा अलमलिएको चित्त कहिल्यै शान्त हुँदैन ।

हे महाराज ! यस शरीर, मन र इन्द्रियहरूबाट परिश्रमपूर्वक तिमीले कैयौं जन्मदेखि कैयौं कर्म गर्दै आइरहेका छौ तर तिनबाट कहिल्यै सुख नमिलेको देख्दा-देख्दै पनि किन फेरि यसैमा लागि-रहन्छौ ? अवत यिनबाट उपराम भएर वस ।

एघारौँ प्रकरण:

हे राजन् ! भाव तथा अभाव जस्ता विचार प्राकृतिक गुणबाट हुने कुरा हुन् । आत्मा विकार रहित क्लेश रहितछ भन्ने कुरामा निश्चयहुने मानिस सदा सुखी र शान्त हुन्छ ।

ब्रह्मदेखि अलग यहाँ केही छैन भन्ने कुरा बुझ्ने मानिस सबै प्रकारका आशा, इच्छा र आशक्ती रहित हुँदै सदा शान्त हुन्छ ।

जीवनमा आइपर्ने संपत्ति र विपत्ति दैवयोगबाट हुनेहुन् भन्ने तत्थ्यमा दृढ रहने मानिस सधैं शुद्ध र स्वस्थ इन्द्रिय भएर कुनै कुराको इच्छा पनि गर्दैन, कुनै कामकुराको बारेमा सोच्दा पनि सोच्दैन । यसैगरी सुख र दु:ख, जन्म र मरण पनि दैबयोगबाटै हुनेहुन् भन्ने कुरा राम्ररी बुझ्ने तथा मानिस शान्तभएर कर्म गर्दछ । कुनैपनि कर्ममा लिप्त हुँदैन ।

दु:खको मूल कारण चिन्ता रहेछ भन्ने कुरालाई निश्चयसंग जान्ने मानिस सदा सुखी र शान्त रहन्छ, कुनै पनि अनित्य कुरामा उसको इच्छा जाँदैन यस्ता मानिस संघै चिन्ता रहित भएर आनन्दसँग रहन्छ ।

म शरीर होइन, यो देह मेरो होइन म त ज्ञान स्वरूप हुँ भन्ने कुरा जान्ने, बुझ्ने मानिस विदेह मुक्ति अर्थात कैवल्य प्राप्त

गर्दछ । यस्ता महापुरूषको लागि गर्नु पर्ने वा गर्न नपर्ने भन्ने जस्ता केही कुरा हुँदैन । यसैगरी ब्रह्मादेखि भुसूना, त्रिण सम्म जो देखिन्छन् ती सबैनै म हूँ; यस सत्यमा रहने मानिस संकल्प रहित, शुद्ध, शान्त र सुखी हुन्छ ।

आश्चर्य रूपमा देखिने यो संसार वास्तवमा केही पनि होइन रहेछ भन्ने कुरामा दृढ हुने वासना रहित, व्यवहार रहित वोध स्वरूप पुरूष सदा शान्त रहन्छ ।

बाह्रौं प्रकरण:

एघारौं प्रकरणमा अष्ठावक्र मुनिजीबाट भएका उपदेशलाई आत्मसात गर्दै राजा जनक यसरी उदघोष गर्नुहुन्छ ।

हे गुरू ! म अव मेरो शरीरबाट हुने, वचनबाट हुने र मनबाट हुने सबैकर्म छुटेर आँफैमा (आत्मामै) स्थित भएकोछु ।

आत्मा अर्थात मेरो स्वरूप अदृश्य र सचेत छ यसलाई जड अचेत विक्षिप्त मनले फेलापर्न सक्तैन । यसरी म मन इन्द्रियादि विषयबाट अलग भएर आँफैमा स्थित भएकोछु ।

अध्यास अर्थात भ्रम (अज्ञान) हटाउनकोलागि मन बुद्धि आदिको कुनै दरकारनै पर्दैन । समाधिगर्नु भनेकोपनि मनबाटै हुने कृया भएकोले यसकोपनि केही आवश्यकता छैन । यस तत्थ्यलाई बुझेर समाधि रहित भएर म ममानै स्थित छु ।

हे गुरु ! यहाँ त्यागने र ग्रहण गर्नुपर्ने वस्तु केही नभएकोले मलाई कुनै प्रकारको हर्ष पनि छैन विषाद पनि छैन । यसरी म वास्तवमा जस्तो छु त्यस्तै भएर रहेकोछु ।

आश्रममा वस्ने अथवा आश्रममा नबस्ने (सन्याशी) हरूले पालनगर्नुपर्ने जो धर्म (कर्म) छन् तिनबाट पनि म अछुतो छु । योगिजनहरूको जुन धारणा, ध्यान जस्ता धर्मछन् तिनबाट पनि रहित छु किनकि म यी सबै देखि अलग साक्षी रूप आत्मा हूँ ।

कर्मका विधि विधान सबै अज्ञानताबाट र कर्मको त्याग पनि अज्ञानताबाट हुन्छ भन्ने कुरालाई राम्ररी बुझ्केकाले म कर्म गर्ने वा नगर्ने भन्ने इच्छा लाई नै त्यागेर आत्मामा स्थित भैसेकेको छु तथा ब्रह्मको चिन्तन गर्नु पनि चिन्तनकै (मनकै) अवस्थाहुने कुरालाई बुझेर सर्व चिन्तनलाई त्यागेर भाव रहित भएर म आत्मामा स्थित छु।

यसरी जो मानिस आफ्नो कृया रहित स्वरूप (आत्मा) लाई साधन द्वारा जान्दछ त्यो पनि कृतार्थ हुन्छनै तथा जो स्वत: विना साधन आत्म स्वभावमा रहन्छ उ पनि कृतार्थ हुन्छ हुन्छ यसमा भन्नु पर्ने कुरै केही छैन।

तेह्रौं प्रकरण:

यस प्रकरणमा पनि राजा आफ्नो अनुभूतिलाई यसरी प्रकट गर्दैहुनुहुन्छ: विषयाशक्तिको त्यागबाट मिल्ने शुद्ध र शान्त चित्त लगौंटी धारण गरेर रहँदैमा हुँदैन भन्ने कुरा बुझेर त्याग, ग्रहणलाई छोडेर म सुखपूर्वक आफूमै स्थित छु।

कर्ममात्र दु:खपूर्ण छ। शारीरिक दु:ख, वाणिबाट हुने दु:ख, मनमा हुने दु:ख यी तीनैवटालाई त्यागेर म सुखपूर्वक आफूमै स्थित भएको छु।

शरीरादिवाट भएका कर्महरू आत्मावाट भएका होइनन् भन्ने यथार्थतालाई बुझ्ने मानिस कुनै पनि काम गर्दा उ सुखपूर्वक रहेभैं मपनि हर समय सुखपूर्वक स्थित छु।

देहलाइनै आफू ठान्ने मानिस कर्म र निष्कर्मको वन्धनवाट वाँधिन्छ। तर आत्मा अर्थात म देहको संयोग वियोगबाट अलग्ग भएकोले सदा आँफैमा सुखपूर्वक स्थित छु।

उठ्नु, हिंडनु, सुत्नु आदि काम कुराले मलाई केही हानी तथा लाभ हुँदैन किनकि यी सबै अवस्थामा पनि म आत्मामै स्थित भएर सुखपूर्वक रहेको हुन्छु।

मलाई सुतिराख्दा पनि केही हानी हुँदैन तथा केही यत्न गर्दा पनि केही प्राप्ति हुँदैन । यसरी म सदा हर्ष शोक रहित भएर सुखपूर्वक आत्मामा स्थित छु ।

पूर्व जन्ममा भएका सुख-दुःख आदि सबै अनित्य हुन् भन्ने कुरा मैले वारंवार देखेर राम्ररी बुझि सकेको छु । यसैले म यिनलाई त्यागेर आँफैमा आनन्दसँग स्थित भएको छु ।

चौधाँ प्रकरणः

यस प्रकरणमा राजा जनक आफूले अनुभव गरेको शान्तिको लक्षण यसरी बताउनुहुन्छः

जसरी शून्यचित्त भएर सुतिरहेको मानिसलाई कसैले जवर्जस्ति कुनै काम गराउँदा त्यस्तोमा उसको इच्छा, वासना पट्टकै रहेको हुँदैन त्यसैगरी जो मानिसको चित्त विषय प्रति शून्य भैसकेको छ, कहिलेकहीं प्रारब्धकर्मको कारणले कुनै विषय भोगेता पनि उ लाभ हानी, सुख दुःखमा फस्दैन ।

साक्षि रूपमा रहेको जीवात्मा र परमात्मा तथा ईश्वरलाई राम्ररी जान्ने आशा रहित म वन्धनवाट मोक्ष भएकोले मलाई अव मुक्तिको लागि चिन्ता पनि छैन, म मा कुनै प्रकारको इच्छानै नभएपछि म नत कहीं धन देख्दछु, न कहीं मित्र देख्दछु, न विषय रूपी चोरनै देखिन्छन् अनि नत शास्त्र तथा जान्नुपर्ने कुरानै केही देखिन्छन् ।

जो मानिसको अन्तःकरण (चित्त) संकल्प विकल्प रहित छ (यस्तो भए हुन्थ्यो यस्तो नभैदिए हुन्थ्यो, अर्थात कुनै प्रकारको विषय वासना मन, चित्तमा फुर्दैन तर वाहिर अरू साधारण मानिस जस्तो भएर विचरण गर्दछ यस्तालाई यस्तै ज्ञानी पुरूषले मात्र जान्दछ अरू अज्ञानीले जान्न सक्दैनन् ।

पन्द्रौं प्रकरण:

राजा जनकमा आत्म स्वरूपको ज्ञानले जरा गाडोस्, ज्ञान र वैराग्यमा दृढता होस् भन्ने विचारले यस पन्द्रौं प्रकरणमा पनि महर्षि अष्टावक्रले २० श्लोक द्वारा तत्वको उपदेश दिदै हुनुहुन्छ:

हे राजा ! सत्व बुद्धि भएको मानिसमा थोरै उपदेश पनि चाँडैनै घुस्दछ र उ कृतार्थ हुन्छ भने असत बुद्धि भएको मानिस जीवन पर्यन्त तत्ववोधमा जिज्ञाशा राखेता पनि सांसारीक मोहमै फसिरहन्छ ।

वास्तवमा मोक्ष र वन्धन भन्ने केही छैन । विषय प्रति वैराग्यभावना उठ्ने वित्तिकै मोक्ष मिल्दछ भने विषयको रसमा डुविन्जेल वन्धन भै नै रहन्छ । ज्ञान भनेकै यतिनै हो ।

यस प्रकारको तत्व ज्ञान भएपछि वकवक गरिरहने पण्डितलाई लाटो तथा हरदम परिश्रम गरिरहने मानिसलाई अचल र जड बनाइदिन्छ । भोगबाट तृप्तिपाउन खोज्ने भोगाभिलाषी मानिसले आत्मज्ञान कहिल्यै पाउनै सक्तैन ।

वास्तवमा आत्मा (तिमी) शरीर होइनौं, भोक्ता पनि होइनौं । तिमी त चैतन्य नित्य छौ । शरीरत आत्मामा आरोपित हो, तिमी यसको साक्षी हौ । यस कुरालाई बुझेर सुखसँग रहू ।

राग तथा द्वेष मनको धर्म हो तिम्रो (आत्माको) होइन । मन पनि तिम्रो होइन । तिमीत विकल्प र विकार रहित बोधस्वरूप हौ ।

सबै भूतमा व्रह्मा देखि भूसुना सम्म सवैमा आत्मा तथा सवै भूतमा आत्मालाई देख्ने मानिस अहंकार रहित, ममता रहित भएर सुखी हुन्छ ।

समुद्रमा तरंग देखिएझैं यो विश्वव्रह्माण्ड पनि चेतनमै देखिएकाछन् । यो चेतन तिमीनै (आत्मानै) हो । यस कुरामा रत्तिपनि संदेह छैन । तसर्थ हे चैतन्य रूप राजा ! तिमी संताप रहित भएर रहू ।

यसै तत्थ्यलाई जोडदार शव्दमा महर्षि यसरी भन्नुहुन्छ, हे प्रिय राजा ! यस सत्य कुरामा श्रद्धा गर, श्रद्धा गर ! यसलाई मोह गर्ने होइन, श्रद्धा गर्ने । तिमीत ज्ञानरूप परमात्मा प्रकृतिबाट विल्कूलै अलग छौ । विभिन्न गुण र स्वभावले वेरिएर रहेको शरीर देखिन्छ नाश हुन्छ तर जीवात्मा नत आउँदछ नत जान्छ, नजन्मन्छ न मर्दछ । यस कुरा राम्ररी वुझेपछि शोच्नु पर्ने के कुरा छर ? यो शरीर चाहे कल्पसम्म (लाखौंवर्षसम्म) रहिरहोस् वा अहिल्यै नाश होस् चैतन्य स्वरूपलाई केही फाइदा वा हानी हुनेछैन । समुद्रमा तरंग उठे विलाएझैं चेतनरूपी अपार समुद्रमा विश्वरूपी तरंग उठदछ, लय हुन्छ तर तिमीमा (आत्मामा) नत केही वृद्धिहुन्छ नत केही क्षय हुन्छ ।

हे प्यारा राजा ! तिमी चैतन्य स्वरूपमा देखिएको यो विश्व तिमीवाट भिन्न छैन तसर्थ यहाँ कुनैपनि कुरा त्याज्य वा ग्राह्य छैन । तिमी (आत्मा) निर्मल, अविनाशी, शान्त चैतन्यरूप आकाशमा जन्म, कर्म, अहंकार कहींपनि छैन र हुँदैन । जसरी सुनका वाला, कंगन घुंघुरू सबै सुन देखि अभिन्न छन्, तीपनि सुननै हुन् त्यसैगरी तिमी जो जसलाई देख्दछौं ती सबै वास्तवमा तिमीनै हो ।

म यो योहूँ र यो यो होइन भन्ने धारणालाई छोडिदेउ । आफू केवल चेतन हो भन्ने कुरामा निश्चयी भएर संकल्प रहित वनेर सुखसँग वस । अज्ञानको कारणले गर्दानै यो जगत देखिन गएकोहो ज्ञान हुने वित्तिकै यी स्वतः नाश हुन्छन् । यो संसारत केवल भ्रान्तिमात्र रहेछ केही होइन रहेछ भन्ने कुरालाई निश्चय गर्ने मानिस वासना रहित भएर आनन्दसँग संसारमा रहन्छ ।

हे राजा ! यो संसार रूपी समुद्रमा तिमी मात्र एक्लोछौं र एक्लोनै रहनेछौ । यस्तो स्थितिमा वन्ध र मोक्ष भन्ने केही नहुने कुरालाई वुझेर सुखपूर्वक रहू । आफू चैतन्य स्वरूप भएकोले व्यर्थमा चित्तमा संकल्पविकल्प निकालेर किन क्षोभित हुन्छौ ? मनलाई शान्त राखेर आनन्द पूर्वक आफ्नो स्वरूपमा सुखसँग रहू । कुनै कुरामा पनि

मन नलगाउ, हृदयमा पनि केही ग्रहण नगर तिमी (आत्मा) सधैं मुक्त रूप छौ तसर्थ कुनै कुरा विचार गरेर फाइदा हुने छैन ।

सोह्रौं प्रकरण:

यस प्रकरणका १० श्लोकहरूद्वारा मुनि अष्टावक्रजी मुक्ति भनेको सांसारीक प्रपन्च र यस प्रतिको वासना क्षय हुनु हो भन्दै यसरी स्पष्ट पारिदिनु हुन्छः

हे प्यारा राजा ! चाहे तिमी जतिसुकै धेरै शास्त्रहरू पढ, सुन वा पढाउ, सुनाउ तर जवसम्म यी सवैलाई विस्मरण गर्दनौ तवसम्म तिमीलाई शान्ति वा मुक्ति हुनेछैन

हे ज्ञानस्वरूप राजा ! चाहे तिमी जुनसुकै कर्म गर, जतिसुकै भोग गर वा समाधिनै गर तर जवसम्म तिमी यहाँ कुनैपनि कुराको आशा राख्दछौ तवसम्म मुक्त हुनेछैनौ । आशक्ति रहित नभै सुखशान्ति कुनै हालतमा पनि पाइनेछैन । हे राजा ! मानिस यस सत्य कुरालाई जान्दैनन् कि परिश्रम अर्थात साधनानै सवै दुःखको कारण हो । यस तत्थ्यलाई जान्ने बुझ्ने मानिसनै परम सुख प्राप्त गर्दछ । केही नगरी वस्ने मानिस (अल्छी) मानिसनै सर्व सुखी हुन्छ । यतिसम्मकि प्रयास पूर्वक आंखा खोल्नु वा वन्द गर्नु पर्दा पनि उसलाई खेद हुन्छ । यस्ता केही पनि नगर्ने (महाअल्छी) मानिसले पाउने जस्तो परं सुख अरू कसैले पनि पाउन सक्दैन । यस भनाइको अर्थ हो, कर्ता भाव नलिई स्वभावअनुरूप चल्दै जाने मानिस नै सच्चा सुखी हुन्छ । यो यो काम मैले गरें अथवा यो यो गरिन भन्ने जस्ता द्वन्द जव मनमा उठदैन तव त्यस्ता मानिस धर्म, अर्थ, काम र मोक्ष जस्ता विषयमा पनि इच्छा रहित भएर रहन्छ ।

जो मानिस विषयवासनाप्रति द्वेषदृष्टि राख्दछ (घृणा गर्दछ) त्यस्तालाई विरक्त अर्थात वैरागी भनिन्छ यसैगरी जो विषय प्रति राग राख्दछ, लोभ गर्दछ त्यस्तालाई रागी भनिन्छ तर जो मानिस विषय प्रति नत द्वेषनै राख्दछ नता रागनै गर्दछ त्यस्ता मानिसनै जीवन्मुक्त हुन्छ ।

जवसम्म तृष्णा रहन्छ तवसम्म त्यस्ता मानिस बांचिन्जेल-सम्म ग्रहण र त्याग गर्दै रहन्छ । संसाररूपी वृक्षको अंकूर उत्पन्न गराउने मूल कारणनै तृष्णा हो । विषय प्रति प्रवृत अर्थात राग रहिन्जेल रागी भैरहिन्छ तथा निवृत्त भैन्जेल द्वेषी भैरहिन्छ तसर्थ बुद्धिमान मानिस द्वन्द रहित (रागद्वेष रहित) भएर जीवन्मुक्त हुन्छ ।

अष्टावक्रजी भन्नुहुन्छ, जो मानिस विषयप्रति राग राख्दछ त्यस्तालेनै विषय संवन्धबाट उत्पन्न हुने दु:खलाई त्याग गर्न (हटाउने प्रयासगर्न) चाहन्छ तर यस प्रति रागनै नराख्ने मानिस संसारमा रहेरपनि दु:खी हुँदैन । यस्ता वितरागी मानिसलाई कुनै प्रकारको दु:खले छुनै सक्दैन ।

जो मानिस म मुक्त पुरूष हूँ भनी अभिमान गर्दछ त्यस्तो मानिस ज्ञानी हुँदैन । यसैगरी जो मानिस म योगाभ्यासीहूँ भन्दछ त्यस्तो मानिस पनि योगी हुँदैन । यस्ता मानिस सधैँ दु:खकै भोगी हुन्छ ।

सत्रौँ प्रकरण:

यस प्रकरणमा जम्मा वीस श्लोकहरू छन् । यी श्लोकहरूद्वारा पनि महर्षि आत्म ज्ञान सम्बन्धी तत्थ्यलाई परिपुष्टि पार्दै भन्नुहुन्छ,

विषयभोग रहित, सदा आँफैमा तृप्त, स्वच्छ, शुद्ध इन्द्रियवाला, एकान्त सेवी महापुरुषलाई आत्मज्ञान र योगाभ्यास दुवैको पूर्णफल स्वत: प्राप्त हुन्छ ।

हे राजन् ! यस जगतमा तत्ववित ज्ञानी कहिल्यै खिन्न हुँदैनन् किनकि यस्ता ज्ञानी सम्पूर्ण ब्रम्हाण्ड आँफैमा पूर्ण रूपमा देख्दछ ।

जसरी सल्लकीको (सलाई बनाउने रूख) पातपाएर आनन्द-मग्न भैरहेको हात्तीले नीमको पात पाउँदा हर्ष हुँदैन त्यसैगरी आत्मा-राम मानिसलाई विषय प्राप्ती वा विषयभोगले खुसी पार्न सक्दैन ।

जो मानिस भोगेको भोगमा आसक्त हुँदैन तथा भोग्न नपाएको विषयमा आकांक्षा गर्दैन यस्ता मानिस संसारमा दुर्लभ हुन्छन् ।

यस संसारमा भोग भोग्न चाहने तथा मोक्ष चाहने मानिसत प्रशस्त देखिन्छन् तर भोग तथा मोक्ष दुवैको चाहना नगर्ने महापुरूषत विरलाकोटी नै हुन्छन् । हे राजन् ! यस्ता महापुरूषलाई धर्म, अर्थ, काम, मोक्ष, वाच्नु, मर्नुमा पनि केही मतलवनै हुँदैन । ज्ञान पाएर म कृतार्थ भएं भन्ने जस्तो कुरापनि जसको वुद्धिले लिदैन अर्थात जसको वुद्धिनै गलीत भैसकेकोछ यस्ता ज्ञानी (इन्द्रियहरूको कार्य चलिरहंदापनि) हेरिरहेकोछ, सुनिरहेकोछ, स्पर्श गरिरहेकोछ, खाईरहेकोछ ता पनि यिनबाट अलग रहेर आनन्दमग्न रहन्छ । हे शिष्य ! यस्ता संसार सागरलाईनै सुकाइसकेका महापुरुष नत बिषय भोगको इच्छानै गर्दछ नत यिनबाट विरक्त हुने इच्छा नै गर्दछ ।

हे राजन् ! यस्ता जीवन्मुक्त ज्ञानी नत कहिल्यै उठदछ, न कहिल्यै सुत्दछ, नत परेला खोल्दछ नत झिम्मनै गर्दछ । जीवनमुक्त यस्ता ज्ञानी जहाँपनि स्वस्थ चित्त लिएर हिँडदछ । उसको अन्तःकरण सदा निर्मल हुन्छ । सदैव उ वासना रहित भएर रहन्छ । राग, द्वेष रहित यस्ता ज्ञानीलाई हेरेतापनि, सुनेतापनि स्पर्श गरेतापनि, सूंघेतापनि खाएतापनि, ग्रहण गरेतापनि, बोलेतापनि, कतै गएतापनि उ आत्मानै हुन्छ, यस्ता ज्ञानी नता कसैको निन्दानै गर्दछ, न स्तुतिनै गर्दछ, न खुसि हुन्छ नत कहिल्यै क्रोधनै गर्दछ तथा नता कसैलाई केही दिन्छ नता लिन्छ । कुनै कुरामापनि उ निरस हुन्छ अर्थात लिप्त हुँदैन ।

जो मानिस मनमोहक केटीलाई देख्दा कामातुर पनि हुँदैन मृत्युलाई देखेर विव्हल पनि हुँदैन जुनसुकै अवस्थामा पनि शान्त रहन्छ; सुख-दुःख, संपत्ति विपत्ती, छोराछोरी जो जे पाउँदा पनि नपाउँदा पनि सबै अवस्थामा समदर्शी हुन्छ; यस्ता महापुरुष नै ज्ञानी हुन्छ ।

हे राजन् ! वासना रहित यस्ता ज्ञानी नता कसैसँग द्रोहनै गर्दछ नता कसैलाई करूणा गर्नतिरनै लाग्दछ अनि नता दुःखीभएँ भनेरै हिँड्दछ नता उ आश्चर्य र क्षोभनै हुन्छ । जीवनमुक्त मानिस नत विषय प्रति द्वेष गर्दछ न लोभनै गर्दछ । आशक्ति रहित भएर प्राप्त तथा अप्राप्त वस्तुलाई केवल भोग्दछ । यसो उसो केही भन्दैन । यस्ता शून्यचित्त भएका ज्ञानी समाधान असमाधान, हित अहित जस्ता विकल्प केही राख्दैन उत सदा मोक्ष रूपभएर रहन्छ । जसको भित्रदेखिनै सवै प्रकारका आशा गलित भैसकेको छ र जो ममता रहित र अहंकार रहित छ, यहाँका केही पनि सत् होइनन् भन्ने कुरामा दृढ छ यस्ता मानिसले कर्म गरेता पनि तिनमा लिपायमान हुँदैन ।

हे महाराज ! यसरी जसको मन गलितभैसकेको छ यस्तो प्रकाशमय मनको अगाडि स्वप्न, सुषुप्ति आदि जसको छुटिसकेको छ यस्ता महापुरुष नै जीवनमुक्त हुन्छ ।

अठारौँ प्रकरण:

अष्टावक्र अद्वैत गीताको यो सवभन्दा लामो प्रकरण हो । यसमा जम्मा १०० श्लोकहरू छन् । यी सवै श्लोकहरू पनि त्यतिनै वोधदायक छन् जति हामीले अगाडि पायौं । जसरीभएपनि ज्ञान हामीमा गढ्नु परेकोछ, उत्रनु परेकोछ, अष्टावक्ररिषिनै बन्नु परेको छ ।

यस्य वोधोदये तावत्स्वप्नवद्भवति भ्रम: ।
तस्मै सुखैकरूपाय नम: शान्ताय तेजसे ॥१॥

आत्मा शान्त रूप छ, संकल्प विकल्प यसमा उठदैन, सुखस्वरूप तथा प्रकाश स्वरूपछ । यस्तो आत्मस्वरूपको ज्ञान हुने वित्तिकै जगद्भ्रम स्वप्नसरह मिथ्या हुन थाल्दछ यस्तो आत्मालाई नमस्कार गर्दछु भन्दै महर्षि अव आफ्नो व्याख्या सुरू गर्नुहुन्छ ।

हे राजन् ! प्रशस्त धन कमाएर धेरै प्रकारका सांसारीक भोग भोग्न मानिसले पाउलान् तर यिनबाट सुंख शान्ति कदापि पाउँदैनन् । सुख पाउनकोलागित धन र भोग सबैलाई परित्याग नगरी हुँदैन । कर्म गरिन्जेल मानिसको मनलाई आगोको ज्वालाले पोलेजस्तै पोलिरहने गर्दछ शान्तिरूपी अमृतको वृष्टि नभैन्जेल कर्मको पोलाई रहिरहन्छ । पारमार्थिकदृष्टिले हेर्ने हो भने यो जगत केवल भावना मात्र हो । भाव र अभाव भन्ने कुरा पदार्थको मात्र हुन्छ स्वभावको अर्थात आफ्नो कहिल्यै अभाव हुँदैन । आत्मा अर्थात् आफू भन्दा नजिक अरू केही छैन । आत्मा सर्व व्यापक छ संकल्परहित, प्रयत्न रहित, विकार रहित र दु:ख रहित (निरन्जन) छ । नाशवान, अनात्मलाई आफूठानेर यसमै मोहित भएकोलेनै दु:ख झेल्नुपरेको हो । यसबाट मोह हट्ने वित्तिकै तथा आफ्नो सच्चा स्वरूप स्मरण गर्ने वित्तिकै त्यस्ता मानिस शोक रहित, आवरण (नाम रूप आदि) रहित भएर शोभायमान हुन थाल्दछ ।

हे राजा ! सारा विश्वप्रपन्च कल्पना मात्र हो । आत्मा सदा मुक्त र सनातन छ भन्ने कुरा जान्ने बुझ्ने ज्ञानी वालकले जस्तो व्यवहार गर्न थाल्दछ । भाव तथा अभाव भन्ने कुरा कल्पनामात्र हुन्, जीवात्मा र ब्रह्म एकै हो भन्ने कुरामा दृढता हुने मानिस कामना रहित भएर ज्ञानी वन्दछ । विश्वजगतनै आफू (आत्मा) रहेछ भन्ने कुरामा निश्चय भएर रहने योगीमा म तथा उ, म योहूँ त्यो होइन भन्ने जस्ता कल्पना उठदैउठदैनन् । जसको मन शान्त (संकल्प विकल्प रहित) छ त्यस्ता योगीमा विक्षेप, एकाग्रता, बोध, मूर्खता, सुख वा दु:ख भन्ने जस्ता द्वन्दनै हुँदैनन् ।

अष्टावक्रजी भन्नुहुन्छ, हे राजा ! जीवन्मुक्त महापुरूषकोलागि राज्यभोग र भिक्षावृत्ति, लाभ र नोक्सान, समाज वा वनको एकान्त सवै ठाउँ एक रस हुन्छ । यस्ता पुरुषकोलागि मैले यस्तो काम गरें वा यस्तो गरिन भन्ने कुरा केही हुँदैन । धर्म, अर्थ,

काम र मोक्ष जस्ता कुरामा पनि केही वास्तानै हुँदैन । जीवनमुक्त पुरुषकोलागि कर्तव्यकर्म भन्ने पनि केही हुँदैन । जीवन जस्तो छ उस्तै चल्दछ, मनमा केही पनि अनुराग हुँदैन । सर्वसंकल्परहित यस्ता ज्ञानी योगीमा मोह, संसार, ध्यान तथा मुक्ति भन्ने पनि केही हुँदैन ।

हे जनक ! अज्ञानी मनुष्यले यो देखिएको विश्वलाई होइन, छैन भन्न सक्दैन किनकि उसमा जगत प्रतिको वासना दृढ भएर रहेको हुन्छ तर निर्वासनिक महापुरूष यो जगतलाई देखेर पनि देख्दैन । जो महापुरूषलाई ब्रह्मज्ञानभैसकेकोछ उसले सारा जगतनै ब्रह्मरूप देख्दछ । यस्ता महापुरूष सर्व चिन्ता रहित भएर केही कुराको पनि चिन्तन गदैन ।

आत्मविक्षेप भएको मानिसलेमात्र विक्षेप हटाउनकोलागि चित्त निरोध गर्ने उपाय गर्दछ विक्षेपै नभएको ज्ञानी पुरूषकोलागि पाउनुपर्ने कुरानै केही नभएको हुनाले उसले केहीपनि साधना गर्नुनै पर्दैन । विक्षेपरहित ज्ञानी पुरुष अरू सामान्य मानिस सरह हिंडेको देखिन्छ तापनि उसकोलागि नत समाधिको साधन गर्नु पर्दछ नत त्यस्तालाई विक्षेप र वन्धनले केही असर नै गर्न सक्दछन् । भाव र अभाव रहित, सदा तृप्त र वासना रहित पुरूष अरूले हेर्दा कर्ता जस्तो देखिन्छता पनि उ विल्कूलै अकर्ता हुन्छ । यस्ता महापुरूषकोलागि प्रवृत्ति वा निवृत्तिमा आग्रह दुराग्रह केही हुँदैन । प्रारव्धवस जो जे आइपर्दछन् सुखपूर्वक गर्दछन् ।

हे राजन् ! ज्ञानीजन वासना रहित, आलम्व अर्थात सहारा रहित स्वच्छन्द र वन्धन रहित भएर सुकेको पात यताउता भएझैं संसारमा चेष्टा (कर्म) गरिरहन्छ । ज्ञानीजनलाई नत कहिल्यै हर्ष हुन्छ नत शोकनै हुन्छ । शान्त मन लिएर, मुक्तभएर रहन्छ । यस्ता आत्मामा रमणगर्ने ज्ञानीको मन चित्त अति शीतल र निर्मल हुन्छ । यस्तालाई नत कुनै कुराको त्याग गर्ने इच्छा हुन्छ नत कुनै कुरा ग्रहण गर्ने इच्छा नै हुन्छ । प्रकृतिको स्वभाव अनुसार यस्ता

ज्ञानीलेपनि अज्ञानीलेजस्तै केही कर्म गरेको जस्तो देखिन्छतापनि शून्य चित्तभएका यस्ता ज्ञानी वास्तवमा केही गर्दैन । यस्तालाई मान र अपमान केहीले पनि रत्तिभरपनि असर पार्दैन । ज्ञानीजनलाई यो कुरा स्पष्ट हुन्छकि म (आत्मा) शुद्ध रूपवाट कुनै कर्म हुँदैनन् कर्मत देहवाट हुने कुरा हुन् । यसरी उसवाट कर्मभएजस्तो देखिएपनि वास्तवमा केही कर्म हुँदैनन् ।

अहंकारी मानिसजस्तो म यो काम गर्दछु, यो काम गर्दिन भनेर ज्ञानी भन्दैन । तरपनि काम गर्दा उ वच्चा जस्तो मूर्ख पनि हुँदैन । गर्नुपर्ने व्यवहार निर्लिप्त भएर गर्दै जीवनभर शोभायमान भैरहन्छ । यस्ता ज्ञानीमा द्वैतभावनै हुँदैन तर्सथ उ कल्पना पनि गर्दैन, केही जन्दापनि जान्दैन, सुन्दा पनि सुन्दैन, देख्दा पनि देख्दैन अद्वैतमा शान्त भएर रहिरहन्छ । यस्ता ज्ञानीलाई समाधिमा वस्नु पनि पर्दैन, उ मुमुक्षु पनि हुँदैन, द्वैत भ्रम उसमा नभएको हुनाले यो देखिएको जगत उसकोलागि कल्पना मात्र हुन्छ ।

हे राजा ! चित्तमा अहंकारको लेशमात्रपनि बाँकि भैन्जेल त्यस्ता मानिसले अरूलेदेख्नेगरी कर्म त्याग गरेतापनि उसको मनमा अनेक संकल्प उठेर कर्म भैनैरहन्छ तर अहंकार रहित ज्ञानी अरूले देख्दा कर्मगरिरहेजस्तो देखिएपनि उसमा संकल्पाद कर्म केही हुँदैनन् । ज्ञानी जनको चित्त कतृत्वरहित, संकल्पविकल्प रहित, आशा रहित तथा संदेह रहित हुन्छ । यस्तामा नत मलाई यो पुगेन उ पुगेन भन्ने हुन्छ नता पुग्यो उति पुग्यो हुन्छ ।

यस अध्यायको ३१ देखि ४० श्लोक सम्मका भावार्थ यस्तो हुन आउँदछः

अष्टावक्र मुनि भन्नुहुन्छ, हे राजा जनक ! ज्ञानीको चित्त शुद्ध र शान्त हुन्छ तथा आफनो स्वरूपमा स्थिर हुन्छन् । तर अज्ञानी मानिस सत्य कुरा सुनेर पनि शंका उपशंका आदिको कारणले मूढ नै भैरहन्छ । कोही कोही ज्ञानी जन भित्र शान्त रहँदा पनि बाहिरी

व्यवहार मूढ मानिसले गरेजस्तो पनि गर्दछन् । मुमुक्षु मानिस चित्तलाई एकाग्रता तथा निरोध गर्ने अभ्यासादि गर्दछन् तर ज्ञानीजन यस्ता अभ्यास केही गर्दैनन् बरू मस्तसुतेको मानिस जस्तै आफ्नो स्वरूपमा मस्त रहन्छन् ।

मूढ मानिसले जतिसुकै चित्त निरोध तथा कर्मकाण्ड गरे पनि मुक्ति पाउँदैन भने ज्ञानी मानिस तत्वलाई (वास्तविकतालाई) ज्ञान गर्दै परमानन्द प्राप्त गर्दछ । अभ्यासमा लागेर तत्व प्राप्ति गर्छु भन्ने मानिसले सचचिदानन्द, शुद्ध, पूर्ण तथा प्रपन्च र दुःखरहित अत्मालाई जान्न पनि सक्दैन, मोक्ष प्राप्त गर्न पनि सक्दैन । कृयारहित केही अभ्यास र कर्मनै नगर्ने भाग्यमानी मानिस केवल ज्ञानद्वारा नै मुक्त भएर बस्दछन् । जो मानिस आफू ब्रम्ह हुने इच्छा गर्दछ त्यस्ताले पनि कहिल्यै ब्रम्ह प्राप्त गर्न सक्दैन (आफैं ब्रम्हस्वरूप भएर अर्को ब्रम्ह कल्पना गरेकोले नै यस्तो भएको हो ।) भने ज्ञानीजनले वास्तविकता बुझिसकेको हुनाले ऊ चाहनानै गर्दैन तसर्थ ऊ परब्रम्ह स्वरूपमै रहिरहन्छ । संसार र कर्म तथा अभ्यासलाई पक्रने यस्ता आधार रहित दुराग्रही मानिसमा रहेको संसारको मूल अज्ञान कहिल्यै हट्दैन । प्रयासद्वारानै ब्रम्ह प्राप्त गर्दछु भन्ने अहंकारी अज्ञानीले मुक्ति कहिल्यै पाउन सक्दैन । यसैगरी जवर्जस्ती शान्त हुन खोज्ने अज्ञानी प्रयासको कारणलेनै कहिल्यै शान्ति पाउन सक्दैन तर तत्त्व बुझ्ने ज्ञानी केही नगरिकनै सदा शान्त हुन्छन् । दृश्य जगतको पछि लाग्ने अज्ञानीले कहिल्यै आत्मदर्शन पाउँदैन भने ज्ञानीजन दृश्यजगतमा पनि अविनाशी आत्मानै देखेर मस्त हुन्छन् ।

अब श्लोक ४१ देखि ५२ सम्मका भावार्थलाई पढौं:

हे राजन् ! चित्तलाई हठ गरेर नियन्त्रण गर्न खोज्ने अज्ञानी मानिसले कहिल्यै पनि चित्तलाई निरोध गर्न सक्दैनं । जवकि आत्मामा रमणगर्ने ज्ञानीजनको चित्त स्वतः निरोध भैरहेको हुन्छ । यसैगरी अज्ञानीजन कोही भावलाई मान्दछन् भने कोही अभावलाई मान्दछन्

तर ज्ञानीजनको लागि भाव र अभाव भन्ने केही हुँदैन । दुर्वुद्धि मानिसहरू त यतिसम्म गर्दछन् कि शुद्ध अद्वैत आत्मामा पनि अनेक कल्पना, भावना गरेर कहिल्यै आत्मज्ञान गर्नसक्दैन र सदा अशान्त र असंन्तोष भएरै रहन्छन् ।

मुमुक्षु मानिस विषय विना रहनै सक्दैन जवकि मुक्त पुरुषको बुद्धि कामना र आश्रय रहित भएर रहेको हुन्छ । मूर्ख मानिस विषय रूपी बाघ देखि डराएर आफूलाई यसबाट रक्षा गर्ने क्रममा चित्तलाई नियन्त्रण र एकाग्रता गर्नको लागि पहाडको कन्दरामा गएर बस्दछ तर वासना नभएको पुरुष रूपी सिंहको अगाडि विषयरूपी हात्ती भागेझैं चूपचाप भएर भाग्दछ । शान्त चित्त भएका ज्ञानीजनको लागि योगका यम नियम जस्ता अनुशासन पालन गर्नु पर्ने केहीं हुँदैन । सबै इन्द्रिय आ-आफ्ना कार्य नियमित रूपले गर्दैरहन्छन्, ज्ञानी सुखपूर्वक विचरण गरिरहन्छ । यस्ता शुद्धबुद्धि भएका, स्वस्थ चित्त भएका महात्माका लागि आचार अनाचार, शुभ अशुभको केही अर्थनै हुँदैन वहाँ त सदा आनन्द मग्न हुनुहुन्छ । शुभ वा अशुभ भनेर केही कर्म गर्नुहुन्न । वहाँका कृयाकलाप बालकले गरे जस्तै हुन्छन् । यस्ता ज्ञानी कुनै कुराको अधीनमा नपरी सुख पाइरहन्छन्, ज्ञान पाइरहन्छन् तथा परंपद पाइरहन्छन् ।

आत्मा अकर्ता, अभोक्ता छ भन्ने कुरा राम्ररी बुझ्ने पुरुषको चित्तवृत्ति स्वतः नाश हुन्छ निरोध गर्ने केही उपाय नै गर्नु पर्दैन । यस्ता ज्ञानीजन आफ्नो स्वाभाविक अवस्थामा जसरी रहँदा पनि शोभायमान हुन्छन् जवकि मनमा वासना राख्ने मूर्ख मानिसले जत्तिसुकै वनावटी गरेर हाँसेर वा शान्त भएर रहेपनि कहिल्यै शोभायमान हुन सक्दैन ।

कल्पना र वन्धन रहित भएका, मुक्त बुद्धि भएका ज्ञानीजन प्रारव्धवश भोग, कृडा गर्ने तथा कन्दरामा पनि जाने गर्दछन् । यस्ता ज्ञानीजनले पण्डित, देवता वा तीर्थ कहीं पूजा गर्दा वा पत्नी, पुत्र,

राजा कसैलाई देख्दा पनि मन विचलित हुँदैन । साथै यस्ता ज्ञानीजनलाई आफ्नै दाज्यूभाई, पत्नी, छोराछोरी कसैले तिरस्कार गर्दा पनि कत्ति पनि क्षोभ हुँदैन, कसैले सत्कार गर्दा हर्ष हुँदैन । अरूले हेर्दा खिन्न भएजस्तो देखिए पनि उ खिन्न भएको हुँदैन । यस्तो ज्ञानीको आश्चर्यलीला त्यस्तै ज्ञानीले मात्र जान्दछ ।

हे राजन् ! मैले यसो गर्नुपर्दछ अर्थात मेरो यो कर्तव्य हो भन्नुनै संसार हो । जीवनमुक्त व्यक्तिको लागि कर्तव्य भन्ने केही हुँदैन किनकि यस्ता मुक्त व्यक्ति कलपना रहित, दु:ख रहित हुन्छन् । तर अज्ञानीजन कर्म नगरेर बसे पनि संकल्प र विकल्पको कारणले गर्दा सँधै व्याकुल हुन्छ । तर ज्ञानी जन विभिन्न काम गरेर पनि निश्चल र शान्त हुन्छन् । लोक व्यवहार गरिरहँदा पनि दु:खी कहिल्यै हुँदैनन्, महासागर जस्तो शान्त हुन्छन् । यसैगरी संसारी मूर्ख मानिस सबैथोक त्याग गरेर पनि अहंकारयुक्त हुन्छ भने ज्ञानी बाहिरबाट हेर्दा प्रबृत्त जस्तो देखिए पनि भित्र सदा निवृत्तनै रहन्छ । यस्तै अज्ञानीले धारण गरेको वैराग्य केवल घरगृहस्थमा मात्र भए जस्तो देखिन्छ तर देहाभावमा उसको राग रहिरहन्छ । देहादिको अभिमानीबाट मुक्त भएका ज्ञानी मानिसलाई बाहिरबाट देख्दा चिन्तित जस्तो देखिए तापनि उसको दृष्टि केवल द्रष्टारूप मात्र हुन्छ । यस्ता ज्ञानीजन बालक जस्तै कामना रहित भएर विभिन्न कर्म गर्दछन् तापनि कर्ममा लिप्त कहिल्यै हुँदैनन् । साथै यस्ता आत्म ज्ञानी धन्य हुन्छन् जो आँखाले बाहिर हेरिरहन्छन्, कानले सुनिरहन्छन्, स्पर्श गरिरहन्छन्, सुंघिरहन्छन् तथा खाइरहन्छन् तापनि तृष्णा रहित एक रस भएरै रहन्छन् । ज्ञानी जनको अरू गुणहरूको वर्णन गर्दै महा मुनि भन्नुहुन्छ, हे राजा जनक ! कुनै संकल्प विकल्प मनमा नउठ्ने ज्ञानीको लागि संसार, स्वर्ग तथा साधन जस्ता काल्पनिक कुराको भानसम्म पनि केही हुँदैन । यस्ता पूर्णानन्द स्वरूप भएका ज्ञानी सदा स्वस्वरूपमा रहिरहन्छन् । यिनको नै सदा जय भैरहन्छ । यस्ता

ज्ञानीजनको वर्णन जति गरेपनि कमै हुन्छ । संक्षेपमा यति भन्ने हो भने पर्याप्त पुग्दछः "ज्ञानीजन भोग तथा मोक्ष दुवैको आकांक्षा गर्दैनन् सदा सर्वदा राग द्वेष रहित हुन्छन् ।"

हे महाराज ! पञ्च महाभूत, पञ्च तन्त्रमात्र, अहंकार आदिबाट खडाएको यो जगत केवल काल्पनिक नाम रूम मात्र हो । यहाँ द्वैत भन्ने नै केही छैन । यस्तो तथ्य बुझ्ने बुद्ध पुरुषको लागि केही कर्तव्य भन्ने नै हुँदैन । यी सबै प्रपन्च केही होइनन् भन्ने कुरा बुझ्ने र आत्माको अनुभव गर्ने ज्ञानी सँधै शान्त भैरहन्छ । यस्ता ज्ञानीमा दृश्यभावनै नरहेपछि कर्म विधि, शम, दम तथा त्याग भन्ने कुरा पनि केही रहँदैन । त्यसैगरी वन्धन, मुक्ति, हर्ष शोक पनि केही हुँदैन । संसार, माया जगत सबै कल्पित रूपमा देख्ने ज्ञानीमा ममता, अहंकार तथा कामना कसरी हुने ? अविनाशी संताप रहित आत्म दर्शन गर्ने यस्ता महामानवको लागि विद्या, शास्त्र, विश्व, देह तथा अहंभाव केही हुँदैन । जवकि अज्ञानी जनले चित्त निरोध हुने साधन अपनाए तापनि मनोराज्य खडा गर्न छोड्दैन तथा वडवडाएर हिँड्न पनि छोड्दैन । आत्मा अर्थात् आफू के हो भन्ने कुरा सुनेर बुझेर पनि मूढता छोड्न सक्दैन । बाहिरी काम कारवाही छोडे तापनि मनमा विषय राखिरहन्छ ।

आत्मज्ञानबाट संपूर्ण कर्म नष्ट भएका ज्ञानी अरूले देख्दा कर्म गरेको जस्तो देखिन्छ तापनि उसको लागि नत केही गर्नुपर्ने हुन्छ नत बोल्नुपर्ने नै ! यस्ता निर्विकार र निर्भय ज्ञानीको लागि अंधकार, प्रकाश, त्याग, ग्रहण, धीरता, विवेकता, निर्भयता, स्वर्गनर्क तथा जीवन-मुक्ति जस्ता केही कुरा पनि हुँदैन । ज्ञानरूपी अमृतले भरिएको ज्ञानी लाभ हानी, स्तुति, निन्दा, सुख-दुःख आदिको केही मतलब हुँदैन । राग द्वेष, चिन्ता, कामना, स्नेह रहित ज्ञानीजन जहाँ जस्तो अवस्थामा पनि आनन्दमग्न रहन्छ । आत्म स्वरूपमा विश्राम गर्ने यस्ता महात्मा बाँच्ने वा मर्ने कुराले चिन्तित वा हर्षित केही हुँदैन र

आशक्ति तथा विकार रहित सुन र माटोलाई समान देख्ने ज्ञानी सर्वत्र सदैव रमाइरहन्छ । वासना रहित सदा तृप्त ज्ञानीको तुलना कसैसँग पनि हुनै सक्दैन । यी ज्ञानीजन त सब कुरा जानेर पनि केही नजान्ने, देखेर पनि केही नदेख्ने, बोलेर पनि केही नबोल्ने हुन्छन् ।

हे शिष्य ! समभाववाला निष्कपट यस्ता ज्ञानी भिक्षु होस् वा राजा केही फरक हुँदैन । उसले पाएको अकथनीय परंआनन्द कसरी भनोस् ? शुषुप्तिमा पनि ज्ञानी सुतेको हुँदैन, स्वप्नमा पनि हुँदैन, जाग्रतमा पनि जागेको हुँदैन सदा एकरस हुन्छ । चिन्ता पर्दा पनि चिन्ता रहित हुन्छ, इन्द्रिय सहित पनि इन्द्रिय रहित, बुद्धि सहित भएर पनि बुद्धि रहित तथा अहंकार सहित भएर पनि अहंकार रहित हुन्छ । यसैगरी उ सुखी-दुःखी, विरक्त-रक्त तथा मुमुक्षु तथा मुक्त केही हुँदैन । समाधि, विक्षेप, जडता, पण्डित्याई केही हुँदैन । यस्ता जीवनमुक्तले प्रारब्धवसात जस्तो स्थिति आइपर्छ त्यसमा आनन्दसंग रहन्छ, पहिले भए गरिएका तथा पछि गर्नुपर्ने केही पनि काम कुराले उसलाई रत्तिभर असर पार्दैन । कसैले स्तुति गरेमा ज्ञानी खुसी पनि हुँदैन, निन्दा गरेमा रिसाउँदा पनि रिसाउँदैन । बाँचे भनेर खुसी पनि हुँदैन मर्नु पऱ्यो भनेर दुःखी पनि हुँदैन । यस्ता ज्ञानीजन नत मानिसको वस्तितिर लाग्दछन् नत वन तिर जान्छन्, आफू जहाँ, जस्तो छन् त्यहीं समभावले रहन्छन् ।

उन्नाइसौँ प्रकरणः

अब उन्नाइसौं प्रकरणका यी आठ श्लोकहरूद्वारा राजा जनक आफ्ना समस्त अज्ञान नाश भएको र आत्मज्ञान भएकोमा गुरु अष्टावक्र प्रति अहोभाव व्यक्त गर्दै भन्नुहुन्छ, "हे भगवान ! हजुरबाट मलाई मिलेका तत्वज्ञानले गर्दा मेरा सम्पूर्ण अज्ञान नाश भए । आफ्नो सच्चा स्वरूपमा रहिसकेकाले अब मेरा लागि धर्म, अर्थ, काम, द्वैत तथा अद्वैत भन्ने केही रहेनन् ! सदा सर्वदा आँफैमा स्थित मेरो लागि भूत, भविष्य, वर्तमान तथा देश भन्ने पनि केही भएनन्, साथै आत्मा,

अनात्मा, शुभ, अशुभ, चिन्ता, अचिन्ता, जाग्रत, स्वप्न, शुषुप्ति, तुरीय तथा भय जस्ता कुरा पनि केही रहेनन् । आत्म स्वरूप ममा नजिक, टाढा, स्थूल, सूक्ष्म आदिमा फरक भन्ने नै केही छैन । म मा बाँच्नु, मर्नु, लय, समाधि तथा विभिन्न लोक भन्ने नै केही छैन । आफ्नो सत् स्वरूप अर्थात् आत्मामा बसिसकेकाले मेरा लागि धर्म, अर्थ, काम, योगाभ्यास तथा ज्ञान विज्ञान आदि कुनै कुराको पनि केही प्रयोजननै छैन ।"

यसरी आठ श्लोकद्वारा आफ्नो स्थिति अभिव्यक्त गरिसकेर फेरि राजा बिसौं प्रकरणका १२ श्लोकहरूद्वारा आफ्नो जीवनमुक्ति अवस्थाको बाँकि अंश यसरी प्रकट गर्नुहुन्छः

बिसाँ प्रकरणः

"मेरो निरञ्जन आत्म स्वरूपमा आकाश आदि भौतिक तत्व केही छैनन् । देह, इन्द्रिय, मन, शून्य तथा अशून्य पनि केही छैनन् । मेरो सच्चा स्वरूप अर्थात् आत्मा सदा द्वन्द रहित छ । यस्तो ममा शास्त्र तथा आत्मज्ञान भन्ने पनि केही छैन । विषय रहित मन भन्ने पनि छैन, तृप्ति तथा तृष्णाको अभाव भन्ने पनि केही छैन । यस्तो निरन्जन स्वरूपमा मेरो रूप भन्ने पनि केही छैन, रूपिता भन्ने पनि केही छैन । विद्या, अविद्या, अहंकार, वन्धन, मोक्ष आदि पनि केही छैनन् । अकर्ता अभोक्ता ममा प्रारब्ध कर्म, जीवन मुक्ति वा विदेह मुक्ति भन्ने जस्ता कुरा पनि केही छैनन् । कुनै स्वभाव भन्नेनै नभएको ममा कर्तापन तथा भोक्तापन पनि छैन, कृया रहित भन्ने पनि छैन । स्फुरण भन्ने पनि छैन ज्ञान भन्ने पनि केही छैन, यसैगरी प्रत्यक्ष ज्ञान अथवा कर्मफल भन्ने पनि केही छैन । यस्तो अद्वैत आत्म स्वरूपमा लोक भन्ने, मुमुक्षु भन्ने, योगी भन्ने, ज्ञानवान, बुद्ध भन्ने पनि केही छैन ।"

म अद्वैत स्वरूपमा सृष्टि, संहार, साध्य, साधन तथा सिद्धि केही छैनन् । यस्तो सदा निर्मलरूप ममा प्रमाता, प्रमाण, प्रमेय तथा

प्रमा भन्ने पनि छैन । कृया रहित ममा विक्षेप (व्याकुलता), एकाग्रता, ज्ञान मूढता, हर्ष तथा शोक पनि केही छैन, व्यवहार, परमार्थता, सुख, दुःख यी पनि केही ममा छैनन् । सधैँ निर्मल रहने ममा माया, संसार, प्रीति, विरति तथा जीवन र ब्रम्ह भन्ने जस्ता कुरा पनि केही छैनन् । सदैव स्थिर रहने, कुटस्थ र विभाग रहित ममा प्रवृत्ति वा निवृत्ति तथा मुक्ति र वन्धन आदि पनि केही छैनन् ।" यसरी आफ्नो स्थिति बताइसकेपछि पुनः बाँकी २ श्लोक अर्थात् १३ र १४ श्लोक बाट बाँकी भन्नु पर्ने स्वरूपको वर्णन गरेर जनक आत्मलीन हुनुहुन्छ ।

क्वोपदेशः क्व वा शास्त्रं क्व शिष्यः क्व च वा गुरुः ।
क्व चास्ति पुरुषार्थी वा निरूपाधेः शिवस्य मे ॥१३॥

क्व चास्ति क्वच वा नास्ति क्वास्ति चैकंक्वचद्वयम् ।
बहुनात्र किमुक्तेन किन्चिन्नेत्तिष्टते मम ॥१४॥

उपाधि रहित कल्याण रूप ममा उपदेश, शास्त्र, शिष्य, गुरु, मोक्ष, अस्ति नास्ति, एक, दुई वा अनेक आदि आदि केही पनि वस्तु ममा छैनन् अर्थात् चैतन्य स्वरूप ममा केही केही पनि काम कुरा छैनन् इति । ...

अष्टावक्र अद्वैत गीता यहीँ समाप्त हुन्छ ।

अष्टावक्र सार

अहिलेसम्म अष्टावक्र अद्वैत महागीतामा भएको अद्वैत ज्ञानलाई हामीले संवादको रूपमा वहुतै सरल ढंगमा तथा एकदम संक्षेपमा पढ्यौं । अब यस महान संदेशलाई अझबढी मथेर नौनीको रूपमा यस अन्तिम लेखाईमा प्रस्तुत गरेर ज्ञानको बत्ति बाल्ने प्रयास गरेको छु:

आत्मा, जीवात्मा, परमात्मा परिपूर्ण छ, नित्य छ, सदा मूक्त छ । अपूर्ण, अपुग, अधुरो र वन्धन भन्ने कुनै कुरा छैन । शरीर, स्त्री, पुत्रादी विश्व प्रपंच देखिनु भ्रम मात्र हो । जबसम्म आफ्नो स्वरूपको बोध हुँदैन तबसम्म कुनै पनि साधन गरेर आत्म ज्ञान हुने छैन । आफ्नो शुद्ध स्वरूप चेतन छ, सत्य छ, निरन्तर छ, प्रत्येक शरीरमा विद्यमान छ । आत्मा र परमात्मामा केही फरक छैन । परमात्माबाट विश्व उत्पन्न भएको होइन परमात्मानै विश्व रूपमा व्यक्त हुनुहुन्छ । हामीले देखेको जो विश्व छ वास्तवमा त्यसको पनि स्वरूप आत्मानै हो । आत्मज्ञान नभैन्जेल भिन्नता देखिरहन्छ । ज्ञान हुने वित्तिकै सबैतिर आत्मा या परमात्मा मात्रै देखिन्छ । अहंकार नै द्वैतको कारण हो, अहं भावनै दु:खको कारण हो । अहंलेनै मानिसलाई पागल बनाई दिन्छ, पागलनै अनर्गल प्रलाप गरेर हिंड्दछ ।

सदा नित्य मुक्त, वन्धन रहित आत्माले मोक्ष पाउने भन्ने प्रश्ननै उठ्दैन । आत्मा (आफ्नो) स्वरूपलाई विर्सनुनै वन्धनमा पर्नु हो; दु:ख, अशान्ति, अतृप्ति र मृत्युमा पर्नु हो ।

विचार गरिन्जेल ग्रहण र त्यागको भाव रहिरहन्छ । निर्विचार हुने वित्तिकै ग्रहण, त्याग, कामना, हर्ष, शोक, सुख-दुःख भन्ने केही हुँदैन ।

देहनै म हुँ भन्ने मान्यता भैन्जेल देहसँग संवन्धित नाता, स्त्री, पुत्र, धन पदसँग अशक्ति छुट्दैन । आशक्ति भन्दा ठूलो वन्धन अर्को छैन । संयोगको अन्त्य वियोगमा हुन्छ । जन्म, नाता, धन, पद सबै संगोग हो । पहिला थिएन बीचमा संयोग भयो । अब प्रतिक्षण ती वियोग तिर गैरहेछन् । अज्ञानी संयोगमा सुखी र वियोगमा दुःखी हुन्छ । ज्ञानी योग र वियोगमा सुखी-दुःखी नभएर अपरिवर्तनीय आफूमा स्थिर हुन्छ ।

मानिस विभिन्न मत मतान्तरको चक्करमा परेर भ्रममा परिरहेका छन् । स्मृति, उपनिषद्, दर्शन, पुराण, महर्षि सबैका मतमा भेद छन् । तसर्थ यस्ता मतमतान्तरमा लाग्ने मानिस आत्म स्वरूपबाट झन्झन् बिचलित भैरहेका छन् । यस कुरालाई बुझेर कुनै पनि मतमा नलागी आँफैमा रहने मानिसले मात्र शान्ति पाउने छन् ।

तृष्णा र संसारमा केही फरक छैन । तृष्णा हुने वित्तिकै संसार खडा हुन्छ । संसार देखिने वित्तिकै तृष्णा झन बढ्न थाल्दछ । एउटा छुट्यो कि दुवै छुट्छ । आशा र आकांक्षा चिन्ता र दुःखका जननी हुन् । एकको त्यागमा अर्कोबाट छुट्कारा निर्भर गर्दछ ।

कायिक, वाचिक र मानसिक यी तीन प्रकारका कर्मलेनै मानिसलाई विभिन्न प्रकारका अज्ञानमा फसाइदिन्छ । चित्तलाई एकाग्र हुन दिँदैन । यिनबाटै काम, क्रोध, लोभ, मोह उत्पत्ति हुन्छन्, अहंकार मजवुत हुन्छन् । आश र त्रासको ज्वालाले मानिस निराश र दुःखीत हुन पुग्दछ । यो कुरा बुझेर जो मानिस यी तीनै प्रकारका कर्मबाट विरक्त हुन्छ तव यथार्थताको वोध हुन जान्छ र आत्मस्थितिमा पुग्दछ ।

जीवनभर जिज्ञाशु रहने मानिसले पनि मुक्ति पाउन सक्दैन । उपदेश ग्रहण गर्दै सद्वुद्धि बढाउँदै गएमा विषयाशक्तिको वन्धन चुँडिन्छ । विषयमा आशक्ति र अनाशक्तिनै वन्धन र मोक्ष हुन् ।

राग, द्वेष हाम्रो आफ्नो स्वभाव होइन मनको स्वभाव हो । मन आफू होइन आफूबाट मन भिन्न छ । मन द्वन्दले विकारयुक्त छ, आफू द्वन्द्व रहित र विकार रहित छ ।

वुद्धि विकासतिर लागेर मुक्ति मिल्दैन । वुद्धिको काम तर्क गर्नु हो । तर्कले भ्रान्ति गराई दिन्छ । भ्रमित मानिसले ज्ञान पाउन सक्दैन । वुद्धि विकास र तर्कबाट अलग रहेर अनाशक्त साक्षी भावले हेर्ने, सुन्ने, खानपिन गर्ने, स्पर्श गर्ने, प्राप्ति र अप्राप्तिमा हर्ष शोक नगर्ने व्यक्तिनै सच्चा ज्ञानी हुन्छ, शान्त हुन्छ, मुक्त हुन्छ ।

भावना तथा मनको संकल्पबाटनै संसार उत्पन्न भएको हुन्छ । पारमार्थिक रूपले संसारको उत्पत्तिनै भएको छैन । मनले प्रकृतिमा जेजस्तो संकल्प गर्छ त्यस्तै संसार खडा गर्छ । मन र प्रकृति एकै तत्वका भएकाले प्रकृतिबाट मनलाई विमुख पार्ने वित्तिकै संसारीक भोगबाट पनि छुटकारा मिल्दछ । भोगबाट छुटकारा मिल्ने वित्तिकै संसार पनि स्वतः हराउँछ । संसार हट्ने वित्तिकै आत्मस्थिति प्रकट हुन्छ । यस कुराको ज्ञान नहुने मानिस (अज्ञानी मानिस) परमात्माको दर्शन पाउन अनेकन तीर्थ यात्रा गर्दछ । मन्दिर मन्दिरमा पुगेर भगवानलाई पाउने निरर्थक प्रयास गर्दछ जवकि आत्मा परमात्मा आँफै भित्र ज्ञान रूपले सदा विद्यमान छ ।

कर्तव्य कर्मको अनुष्ठान सांसारीक कामना गर्ने मानिसको लागि मात्र हो । सांसारीक कामना नराख्ने जीवनमुक्त पुरुषको कर्तव्य कर्म भन्नेनै केही हुँदैन । जुन कर्म नगरी जीवननै चल्दैन

त्यस्ता कर्म उसबाट स्वाभाविक रूपमा चलिरहन्छ । उसको मनमा संकल्प विकल्प भन्नैनै केही हुदैन ।

महात्मा अष्टावक्र भन्नु हुन्छ, मनलाई वलपूर्वक निरोध नगर, बरू कुनै पनि प्रयासलाई त्यागिदेऊ । प्रयास छोड्ने वित्तिकै स्वतः मन निरोध हुन्छ । सम्पूर्ण प्रकारका विषय मनका विलास मात्र हुन् । विषयहरूको वासस्थान मन हो । मनोभूमि भैन्जेल यसमा विषय उम्रिन्छन्, बढ्छन् र मर्छन पनि । तसर्थ जबसम्म मनको अधीनमा मानिस रहन्छ उसले तवसम्म ज्ञान पाउन सक्तैन ।

आत्मा अर्थात् हाम्रो आफ्नो स्वरूप समुद्र जस्तै महान छ । समुद्र स्थायी र तरंग अस्थायी छ आउँछ जान्छ । यसैगरी नित्य आत्मामा संसार, शरीर नाता अस्थायी छन् । यी यहींबाट आउँछन् र यहीं जान्छन् । आत्मारूपी अनन्त महासागरमा विश्वरूपी तरंगहरू पनि उठ्छन् र यहीँ विलाउँछन् । तरंग समुद्रबाट भिन्न छैनन्, यसैगरी चिन्मात्र आत्माबाट विश्व पनि अलग छैन ।

आनन्द हाम्रो आफ्नो स्वभाव हो । आफूमा सुख दुःखको लेशमात्र पनि छैन । सांसारीक कुनै पनि परिस्थितिले रत्तिभर पनि हामीलाई प्रभाव पार्न सक्तैन । केवल शरीरु म हुँ भन्ने भ्रम हट्ने वित्तिकै मुक्ति मिलिहाल्छ । यसैले महामुनी अष्टावक्र भन्नुहुन्छ, जप, तप, पूजा, पाठ, ध्यान, समाधि, शास्त्र, कर्म आदि सम्पूर्ण साधनाबाट हटेर यही कुरामा मात्र मनलाई स्थिर गरे पुग्दछ । आत्मामा कुनै पनि कुराको गुंजाइस छैन । निर्विचार समाधि, चूप साधन, साधन रहित साधनको मात्र खाँचो छ ।



A153

लेखक परिचयः

नाम : नरेन्द्रनाथ भट्टराई

ठेगाना : का.न.पा. वडा नं. १६, कालधारा

टेलिफोन: ४१४८३०

सेवा तथा मान पदवी: ३४ वर्ष सरकारी सेवा । गो.द.वा., त्रिशक्ति पट्टा तेश्रा र अन्य ५ विभूषणहरू, गुणराज पुरस्कार । २०४१ सालमा स्वेक्षिक अवकाश ।

आध्यात्मिक कृतिहरूः

१. परमात्माको दर्शन - भाग १
२. परमात्माको दर्शन - भाग २
३. परमात्माको दर्शन - योगद्वारा
४. परमात्माको दर्शन - चिन्तनद्वारा
५. परमात्माको दर्शन - ज्ञान र ध्यानद्वारा
६. युवावर्ग र धार्मिक क्रान्ति
७. महामानव बुद्ध
८. महापुरुषहरूको दृष्टिमा महर्षि दयानन्द सरस्वती (अनु)
९. योग - स्वस्थ, सुखी र सुन्दर हुनको लागि
१०. चरित्र विज्ञान (संपादन)
११. तीतामीठा कुरा
१२. गीता ज्ञान रस
१३. आध्यात्मिक पुंष्पहार
१४. अष्टावक्र अद्वैत गीता

रेडियो, टी.भी. तथा पत्र-पत्रिकाहरूबाट प्रवचन र लेखहरू प्रकाशन, विगत ७ वर्षदेखि योग चिकित्सा र आध्यात्मिक उपदेशद्वारा लागुपदार्थको दुर्व्यसनमा फसेका युवावर्गलाई मनोवल र आत्मवल बढाई स्वस्थ्य र सुयोग्य नागरिक बनाई समांजमा पुनर्स्थापित गर्ने सत्कार्यमा सामुदायिक उपचार केन्द्रमा तथा हाल आसरा सुधार शिविर र रिचमण्ड फेलिसिपमा कार्यरत ।

मुद्रक : "न्यू नेपाल प्रेस"
प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं । फोन : ४२१४५०, ४१४७५३
व्यापारीक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८